# प्रदेश सभा

## गण्डकी प्रदेश
## चौथो अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## (एघारौं बैठक)
## मिति : २०७६/०२/२७ गते, साँझ ६.०० बजे

प्रदेश सभाको चौथो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा सोमबार दिनको ६ बजेर १७ मिनेटमा बजे प्रारम्भ भयो ।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अब मिति २०७६ जेष्ठ २४ गते सभामा प्रस्तुत प्रदेश सरकारको आर्थिक वर्ष २०७६र०७७ को नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । अब म माननीय मुख्य मन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम ३८ को उपनियम (२) बमोजिम छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुरोध गर्दछु ।

### माननीय मुख्य मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति कार्यक्रमबारे छलफल भैरहेको कुरा हामी सबैलाई थाहा छ । नीति र कार्यक्रम प्रदेश सरकारको तर्फबाट यो सम्मानित गण्डकी प्रदेश सभामा प्रस्तुत प्रस्तुत गर्नु भएकोमा माननीय प्रदेश प्रमुख बाबुराम कुवँरज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । धन्यवाद दिन चाहन्छु र माननीय सदस्यज्यूहरुले नीति र कार्यक्रममा जे जे कुराहरु उठाउनु भाछ समर्थन या मेरो आलोचना या टिप्पणी सुझाव जे जे दिनु भाछ मैले गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीको हैसियतले यी सप्पै कुराहरु गुडफेदका आधारमा गुडविलका आधारमा उठाएको भन्ने सोचेको छु। सबै माननीय सदस्हरुलाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु र यो नीति र कार्यक्रमलाई अझ संमृद्ध, अझ खदिलो बनाउने कुरामा यहाँहरुको राय, सुझाव, टिप्पणीले पक्कै पनि योगदान दिने छ भन्ने कुरामा म आशावादी छु। त्यसका लागि पनि म यहाँहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। माननीय सभामुख महोदय, प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम माथि प्रदेश सभामा भएको छलफलको क्रममा माननीय सदस्यहरुले उठाउनु भएको विषयवस्तुका सम्बन्धमा जवाफ दिन माननीय सभामुखज्यूको अनुमतिले उपस्थित भएको छु। माननीय प्रदेश प्रमुखज्यूले नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम प्रदेश सभाको चौथो अधिवेशनमा प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएकोमा फेरी पनि दोहोर्‍याए मैले प्रदेश सरकार वहाँ प्रति आभार प्रकट गर्दछ। प्रस्तुत नीति तथा कार्यक्रमको प्रस्तुतीकरणको समय व्यवस्थापनका लागि माननीय सभामुख लगायत सम्मानित गण्डकी प्रदेश सभा प्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु। छलफलमा सक्रिय सहभागी भै महत्वपूर्ण

रचनात्मक सुझाव सल्लाह प्रतिक्रिया तथा पृष्ठपोषण दिनुहुने विपक्षी दलका नेता लगायत सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा माननीय सदस्यज्यूहरुले देखाउनु भएको चिन्ता एवम् चासो प्रति प्रदेश सरकार गम्भिर छ। प्रदेशको विकास लक्ष्य र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाका आयोजनामा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी माननीय सदस्यज्यूहरुको भावनालाई आत्मसात गर्दै प्रस्तुत नीति तथा  कार्यक्रम अक्षरस कार्यान्वयन गर्न प्रदेश सरकार पूर्णतः प्रतिबद्ध छ। जनताको त्याग र बलिदानबाट स्थापित भएको संघीय लोकतन्त्रिक गणतन्त्र बहुलबादमा आधारित बहुदलिय प्रणाली शक्तिको पृथकिकरणको सिद्धान्त, विधिको शासन, गणतन्त्र, स्वतन्त्र न्यायपालिका, मानव अधिकारको संरक्षण, सामाजिक न्याय सहितको समानुपातिक समावेशी र सहभागितामूलक शासन व्यवस्थाका आधारभूत मान्यता प्रति प्रदेश सरकार प्रतिबद्ध छ। उत्कृष्ट संसदीय मूल्य मान्यता र संस्कृतिको विकास गर्दै प्रदेश सरकार प्रदेशको संमृद्ध र समुन्नतिको लागि विपक्षी दलसंग रचनात्मक सहकार्य गर्न सदा तत्पर छ र रहनेछ। प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले सार्वजनिक निजी र सहकारीलाई यसमा हामीले सामुदायिक पनि भनेर थप्याछौं अहिले क्षेत्रको लगानीको माध्यमबाट आर्थिक संमृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छ। प्रदेशको आर्थिक संमृद्धिको संवाहकको रुपमा रहेका पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, शुसासन तथा जनशक्ति विकाश गर्ने लगानी गर्न लगानी मैत्री वातावरण सिर्जना गर्ने नीति लिएको छ। सरकारले निजी क्षेत्रलाई आकर्षित गर्ने गरी पूर्वाधार विकास र सामाजिक क्षेत्रमा आफ्नो लगानीलाई केन्द्रित गरेको छ। सहकारी र समुदायसंगको सहकार्यमा गरिबी निवारण रोजगारीका अवसरको सिर्जना कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीति लिएको छ। यहाँ सार्वजनिक, निजी पनि थप्नुपर्छ होला यहाँ प्रस्तुत नीति तथा कार्यक्रमले प्रदेशको सन्तुलित समन्यायिक, समावेशी र सहभागितामूलक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई सफल पार्ने उद्देश्य लिएको छ। प्रदेशको विकास र संमृद्धिको लागि आगामी  चार वर्ष भित्र बहुआयामिक गरिबी १४.२% बाट ७% मा झार्ने र औषत वार्षिक आर्थिक वृद्धिदर १०.२% हासिल गर्ने लक्ष्य लिएको छ। उत्तरमा लोमान्थाङदेखि त्रिवेणीसम्म मुग्लिङदेखि ढोरपाटनसम्म हिमाल पहाड र तराई सबै क्षेत्रको सन्तुलित, समावेशी र समानुपातिक विकास गर्ने नीति लिएको छ। भौगोलिक विविधता, आधुनिक, प्राकृतिक सुन्दरता, बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहु धार्मिक विषेशतायुक्त यस प्रदेशमा सामाजिक सद्भाव सहिष्णुता र बहुसांस्कृतिक सांस्कृतिक, सांस्कृतिक, सहअस्तित्व र सु-सम्बन्ध कायम गर्ने नीति लिएको छ। सबै प्रकारको विभेद, बञ्चितिकरण र बहिष्करणको अन्त्य गरी प्रदेशको दिगो विकास गर्न जोड दिएको छ। प्रदेश सरकारले निर्धारण गरेको संमृद्ध प्रदेश सुखी  नागरिक निर्माण गर्ने दिर्घकालीन लक्ष्य प्राप्त गर्नका लागि यो नीति कार्यक्रमले स्पष्ट दिशाबोध गरेको छ भन्ने विश्वास छ। भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलताको नीतिको आधारमा सार्वजनिक सेवालाई नागरिकको अपेक्षा अनुरुप संचालन गर्ने कुरामा सरकार प्रतिवद्ध छ। सार्वजनिक सेवालाई थप सहज अनुमान योग्य पारदर्शी र जवाफदेही बनाउन विद्युतीय सुशासन ई-गभर्नेन्समा जोड दिईनेछ। प्रस्तुत नीति तथा कार्यक्रमको सम्बन्धमा विपक्षी दलको माननीय सदस्यज्युहरुले राख्नु भएको  संशोधन प्रस्तावको विषयमा सरकारको गम्भिर ध्यान आकर्षण भएको छ। नीति तथा कार्यक्रमको शसक्त कार्यान्वयनका लागि असल नियतले संशोधन प्रस्ताव राख्ने माननीय सदस्यज्यूहरुको भावनालाई आत्मसात  सम्मान गर्न चाहन्छु। प्रदेश सरकारले पारदर्शी मापदण्ड र कार्यविधिका आधारमा अनुदान दुरुपयोग नहुने र वास्तविक कृषक लाभान्वित भै कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुने गरी प्रस्तावित कार्यक्रम संचालन गरिने विषयमा माननीय सदस्यहरुलाई आश्वस्त गर्न पार्न चाहन्छु। औचित्य, आवश्यकता र राष्ट्रिय मापदण्ड समेतलाई  विचार गरि कृषकलाई उद्यमशील र आत्मनिर्भर बनाउन सहज रुपमा सहुलियत ब्याजदरमा कृषि ऋण उपलब्ध

गराइने कुरा माननीय सदस्यज्यूहरुलाई विश्वास दिलाउन चाहन्छु। सरकारले सरकारी तथा सार्वजनिक स्थलमा फलफूल रोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने नीति लिएको हो। सरकारी कार्यालय परिसरमा बगैंचा, पार्क बनाउने नीति अन्तर्गत सार्वजनिक स्थलमा समेत बगैंचा पार्क बनाउने कार्यक्रम तय गरिएको छ। सरकारले बाली तथा पशुपंक्षी बीमालाई प्रभावकारी बनाउन कृषक र बीमा कम्पनीसंग समन्वय गरी प्राकृतिक प्रकोप असिना लगायतबाट सुरक्षण प्रदान गर्न प्रतिफलमा आधारित बीमा कार्यक्रम संचालन गर्ने नीति लिएको छ। कुमाल दलित लगायत अन्य समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण तथा व्यवसायिकीकरण गर्ने नीति लिएको छ। यसमा म थप स्पष्टिकरण म के भन्न चाहन्छु भने हामीले खास भन्न खोजेको कुमाल जातिको जो माटोको भाडो बनाउने पुरानो परम्परागत जुन स्किल एण्ड नलेज छ त्यसलाई आधुनिकीकरण गर्नुपर्‍यो। व्यवसायिकीकरणसँग जोडन पर्‍यो भन्न खोजेको त्यस्तै प्रकारले गाउँ घरमा अहिले पनि दलित समुदायले संचालन गर्ने आरनहरु छन् तिनलाई आधुनिकीकरण गर्नुपर्‍यो त्यसलाई व्यवसायिकीकरण गर्नु पर्‍यो भनेर भन्न खेजेको साथै गाउँ घरमै होला अहिले पनि कतिपय ठाउँमा बाली घरे प्रथा होला शायद कुना कुनामा त्यसमा क्रियाशिल रहेका पुरानो तपाईं जुन खालको स्किल र नलेजका आधारमा चलिरहेको छ। आधुनिकीकरण हुन नसक्दाखेरि व्यवसायिकीकरण हुन नसक्दा खेरी उनीहरुको पेशा संकटमा परेको स्थतिलाई ध्यानमा राखेर हामीले यसलाई आधुनिक प्रविधिसँग व्यवसायसँग जोडेर त्यसलाई सबल बनाउने भन्ने भन्या हो। यसमा यो यो भनिरहँदाखेरि हामीले को अल्पसंख्यक छ को भन्या होईन यदि मुसहर या राउटे या होला हाम्रो चेपाङ यहाँ अरु के के छन् हैन वहाँहरुको पनि यस्तै खालको परम्परागत कुनै पेशा छ भने त्यो पेशालाई आधुनिकीकरण गरिन्छ भनेर लगायत अन्य समुदाय भनेको अरुलाई जहाँ जहाँ हामीले प्रत्यक्ष देखेको हाम्रो प्रदेशमा कुमाल र दलित समुदायको परम्परागत पेशा हो तेलाई अधिग्रहण गर्ने भनेको यस बाहेक अरुको छ भने अरुको पनि गर्नि भन्या हो। त्यसकारणले माननीय सदस्यज्यूहरुले जो चिन्ता राख्नु भाछ यसमा हामी सहमत भएको र त्यही अनुसार हाम्रो नीति कार्यक्रम अन्तर्गत भोलि बजेट व्यवस्थापन त्यही अनुसार गरिने कुरा व्यहोरा जानकारी गराउन चाहन्छु। यस प्रदेश भित्र प्रभावित हुने प्रदेशकै गौरब र सम्पदाको रुपमा रहेको काली गण्डकी नदीलाई गर्न खोजिएको भनिएको डाईभर्सनलाई रोक्न मुख्यमन्त्री तथा सिङ्गो प्रदेश सरकार दृढ संकल्पित रहेको व्यहोरा सम्मानित सदन समक्ष दोहोर्‍याउन चाहन्छु। अस्ति बोल्ने क्रममा मैले त्यो कुरा राखेकै थिएं। यसमा हाम्रो तल माथीको कुरै छैन। हामी यसमा न सत्तापक्ष छौ न प्रतिपक्ष छौ न पक्ष छौं, न विपक्ष छौं, न यहाँ वाद छ, न यहाँ विवाद छ यसमा हामी सबैको एउटै मत छ कि गण्डकी प्रदेशको ऐतिहासिक महत्व बोकेको अरु प्राकृतिक स्रोतले सम्पन्न त्यसले पुर्‍याउनु पर्ने पुर्‍याउन सक्ने कुराहरु त धैरै होलान संसारमा एउटै मात्रै नदी कालीगण्डकी हो जसले शालिग्राम निर्माण गर्छ। युनिक नदी हो यसको यो यो पक्षलाई अझ व्यवस्थित गर्न संरक्षण गर्न काली गण्डकी नदीको उपल्लो तट र तल्लो तटको सपै तपाईंको ईकोसिस्टम भन्छौ हामी पारिस्थितकीय प्रणालीलाई व्यवस्थित गर्ने भनेकै तलको जुन नदी तलको प्राकृतिक वहाव छ तेलाई तल माथी हुन नदिने भन्या हो यो। हामीले अलिकति तपाईंको संघ सरकारसंग पौठे जोरी खेलेर भन्नि भनेर मात्रै माइल भाषा प्रयोग गर्‍या हो। त्यसकारण माननीय सदस्यज्यूहरुले यसमा माइल भाषा प्रयोग गरेर सारा गरेर यो प्रदेश सरकारले अलिकति उदासिनता देखायो कि भन्ने कुरा एक प्रतिशत पनि चिन्ता नलिनको लागि म अनुरोध गर्न चाहन्छु। हामी सबै के भन्न चाहेका छौँ भनेदेखि संघीय शासन प्रणालीमा हिजो केन्द्रीकृत शासन प्रणालीको बेला निर्धारण भएका कतिपय कार्यक्रमहरु अब ती अस्विकृत भन्छ नि त्यो सान्दर्भिक रहेन। तिनीहरुको अबको परिस्थिति अनुसार तिनीहरुलाई अपडेट गर्नुपर्ने तिनीहरुलाई व्यवस्थित गर्नुपर्ने र तिनीहरुलाई अहिलेको शासन प्रणाली मुताबिक संचालन गर्नुपर्ने कुरामा हामी दृढ छौं। यो सैद्धान्तिक विषयमा त्यसकारणले संघीय शासन प्रणालीमा जब प्रदेश सरकारहरु बने तब स्थानीय सरकारहरु बनेका छन्। त्यहाँ भित्र एउटा अर्को विचारको पनि प्रस्फुटन हुन्छ प्रादुर्भाव हुन्छ भन्ने कुरा सबैले ध्यान राख्नु

पर्ने जरुरी छ। खास गरेर संघीय सरकारले ध्यान राख्नु जरुरी  छ त्यो भन्या के भने देखी प्रदेश प्रदेशमा विभाजित भैसकेपछी प्रदेशको आफ्नो प्रदेश हुँन्छ हुँदैन ? आफ्नो प्रदेशको जनताप्रतिको उसको पहिलो उत्तरदायित्व हुँन्छ हुँदैन ?  आफ्नो प्रदेशको स्रोत साधनलाई कसरी अधिकतम रुपमा प्रयोग गरेर प्रदेशको संमृद्धिमा लगाउने भन्ने कुरा र त्यसमा कसैले अन्यायपूर्वक हस्तक्षेप गर्न चाह्यो भने त्यसको प्रतिवाद गर्ने कुरा त्यहाँ सब-नेशनालिजमको विकास हुँदै जान्छ भन्ने कुरा सम्बन्धित सबै पक्षले ध्यान दिनुपर्छ भन्ने लाग्छ मलाई हामी सबै यो सम्मानित सदनका सबै माननीय सदस्यज्यूहरु हामी एक ढिक्का छौ यसमा। यसकारणले मैले यसमा थप केही बढी भनि राख्नु पर्छ जस्तो लाग्दैन। अहिले हाम्रो बिरोधका बाबजुद हाम्रो सुझावको बाबजुद हाम्रो आलोचनाको बाबजुद पनि संघीय सरकारले फेरी पनि यो डिपिआर गर्ने प्रस्ताब ल्याएछ माननीयहरु सम्माननीय प्रधानमन्त्री समक्ष मैले तत्कालै कुराकानी गऱ्याछु वहाँको कुरा ठिकै थियो। डिपिआर गर्ने भन्याछ। डिपिआर कहाँ भैहाल्छ र  डिपिआर गर्ने  तपाँईहरुसंग सल्लाह गरेरै हुन्छ। त्यसकारणले आत्तिहाल्नु पर्ने स्थिती छैन भन्नु भयो वहाँले त्यसकारणले हाम्रो तर्फबाटको प्रतिवाद हाम्रो तर्फबाटको त्यसको बिरोध यसमा हामीले कुनै पन्यालो बनाउनु पर्ने कुनै जरुरी छैन। हाम्रो बिरोधलाई त्यस कारणले हिजो जुन गाढाकासाथ गहिराकासाथ जुन गाढाकासाथ हामीले त्यसको त्यो यो सन्दर्भको कुरा उठाएका छौँ त्यो बरकराहर छ। यो निवेदन गर्न चाहन्छु र निर्माण सम्पन्न सिञ्चाई आयोजनामा कृषकको अपनत्वको भावना जगाउन सिञ्चाई सेवा शुल्क संकलन गरी नियमित मर्मत संभार तथा दिगो व्यवस्थापनका लागी प्रयोग गर्ने नीति लिएको हो। यो किन लिएको हो भने शुरुमै हाम्रो पानीपोत उठाउने भन्दाखेरि साह्रै चर्को विरोध थियो। शायद यो बाउन्न

त्रिपन्न सालतिरको कुरा होला तर तो अपनत्व विकास गर्नको लागि के गर्नि भन्दाखेरी खानेपानीको आयोजना निर्माण गर्दियो लथालिङ्ग बनाएर छोडदिने सिंचाईको कुलो बनाईदियो नहर बनाईदियो अनि तपाईको के रे यो सरकारको कुलो भनो सरकारको सिञ्चाई भनो लथालिङ्ग गरेर छोडदिने। त्यस कारणले हामीले के गर्न खोज्या भन्देखी यो अपनत्व स्थानीय समुदायको कृषकहरुको अपनत्व बिल्ड अप गर्नको लागि त्यसमा उसको गार्जेन्सिप पनि हुन्छ सम्बन्ध हुन्छ भन्ने कुरालाई तपाईको सुव्यवस्थित बनाउनको लागि थोरै थोरै रकम उठाएर तो त्यहींको जुन उपभोक्ता समिति हुन्छ उसैलाई परिचालिन गर्ने परिस्थिती बन्यो भने त्यसको मर्मत संभार पनि ठिकै हुन्छ। त्यसको अपनत्व बुझेर त्यो त्यस्ता आयोजनाहरुलाई उसले संरक्षण गर्ने व्यवस्थापन गर्ने र त्यसलाई दिगो ढङ्गले सञ्चालन गर्ने मनसायकासाथ हामीले यो प्रस्ताव गरेको हो त्यसकारणले यो कुनै धेरै यो जनतालाई साह्रै ठुलो मर्का पर्ने साह्रै हो जस्तो मलाई  लाग्दैन। यहाँ एमविविएस लगायतका उच्च प्राविधक शिक्षा अध्ययनका लागि छात्रवृत्तिमा छनौट भएका जेहेन्दार विद्यार्थीहरुले आर्थिक अभावका कारणले छात्रवृत्तिनै परित्याग गर्न पर्ने अवस्था आउन नदिन नमूनाको रुपमा उच्च शिक्षा प्रोत्साह छात्रवृत्ति कार्यक्रम संचालन गर्ने नीति लिएको हो। यस्तो कार्यक्रमको प्रभावकारितालाई विचार गरी आगामी वर्ष माननीय सदस्यज्यूको भावनालाई कदर गर्दै थप कार्यक्रम संचालन गर्दै लैजानेछ। यसमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने माननीयहरुको सरोकार कहाँ देखिन्छ भने एमविविएस पढ्ने कुरा या एमविविएसमा स्कलरसिपका लागि रिजल्ट निकाल्ने कुरा परिणाम निकाल्ने कुरा नाम निकाल्ने कुरा घरानिया कालका हैन धनीमानीका छोराछोरीले मात्रै निकाल्छ। त्यसकारणले गरिबको छोराछोरीले त कहाँ त्यहाँ जान पाउँछ त्यहाँ जानको लागि तपाईको कोचिङ्ग  क्लासहरु चलाईदिनु पऱ्यो शैक्षिक भत्ताको व्यवस्था गर्नुपऱ्यो। त्यसो गर्दा खेरी सबैले पाउँछ भन्ने कुरा हामीले यो यो यो कोणबाट मात्र गर्न खोज्या होईन एउटा मात्रै कुरामा केन्द्रीत के छ भने हामीले भोग्याछौँ। अस्ति भर्खर त्यसको त्यो कामको मेकअप गऱ्याछौं हामीले हाम्रै प्रदेशबाट एउटा बैनी एमविविएसमा नाम निकालीन् तर छात्रवृत्तिमा नाम निकाले पनि अब निजी रुपले पढ्दाखेरि त पचास-साठी लाख त लाग्ने भैहालो। छात्रवृत्ति सरकारी छात्रवृत्ति प्राप्त गर्दाखेरी पनि व्यक्तिगत रुपमा खर्च गर्नु पर्ने करिब

करिब सात आठ लाख रुपियाँ पर्दो रहेछ। त्यो सात आठ लाख रुपियाँ उसले घरबाट निकाल्न नसक्दा खेरी त्यस्तो तेज तराफ विद्यार्थी त्यस्तो महिला हाम्रो छोरीबेटी जल्ले त्यो छात्रवृत्तिमा नाम निकाल्यो त्यो सात आठ लाख रुपियाँ घरबाट निकाल्न नसकेको कारणले गर्दाखेरी त्यो छात्रवृत्ति पढ्नबाट उनी बञ्चित भईन।यद्यपी हामीले हैनानबाट प्राप्त भएको छात्रवृत्ति तेल्लाइ फार्मेसिष्टमा पठाएका छौं। हैन, त्यसकारणले यस्तो समस्या धेरै भो त्यसकारणले एमबिबिएसमा मात्रै हैन एमबिबिएस होला ईन्जिनियरिङ्ग होला यस्तो उच्च प्राविधिक शिक्षामा स्कलरसिप निकालेर एकदम गरिब भएकै कारणले विपन्न परिवारमा जन्मेकै कारणले उसको उसको उसले छात्रवृत्ति प्राप्त गर्न नसक्नु स्थितिमा त्यो ठूलो नोक्सान प्रदेशलाई पनि हुन्छ त्यो परिवारलाई हुँदै भो व्यक्तिलाई हुँने भो त्यो समुदायलाई हुँन्छ। त्यसकारणले हामीले यस्तो व्यक्तिसंग पनि त्यसमा प्रदेशले विशेष सहयोग गर्ने भन्या हो किनभने सपैलाई गर्न थालियो भने फेरी यहाँ थैली अब एक मानाको थैलीमा एक मुरी बाड्छु भनेर कसैले  विश्वास गर्दैन। त्यसकारणले हामीले यसलाई अलि व्यवस्थित गर्न मात्रै खोज्या हो। हैन ? अब विपन्न परिवारलाई कसरी व्यवस्थित गर्ने भन्ने कुराहरु हामीले फेरी सोचिराछौं। त्यसकारणले गर्दाखेरी त्यो अलग्गै कार्यक्रमको रुपमा त्यो कार्यक्रमलाई अगाडि बढाउने पनि सोचिराछौं। खाद्य कृषि तथा पशुपंक्षीजन्य उपजको गुणस्तर जाँच गर्न तनँहुको आबुखैरेनी र स्याङजाको मालुङ र रामदीमा दुध विषादी अवशेष परीक्षण केन्द्र स्थापना गरिएको छ। यी केन्द्रले क्वारेन्टाईनको रुपमा नभै प्रदेशमा भित्रिने विषादीको अवशेष बढी भएका खाद्य कृषि तथा पशुपंक्षीजन्य वस्तुमा रोक लगाउने कार्य गर्दछन् । आगामी आर्थिक वर्षमा यी केन्द्रलाई स्तर उन्नति गरी बाली तथा पशुपंक्षीका रोग कीरा समेत नियन्त्रण गर्ने व्यवस्था मिलाउन खोजिएको हो। प्रदेश भित्र उत्पादित खाद्य बस्तुमा विषादी नियन्त्रण गर्न पोखरामा प्रयोगशालाको स्थापना भैसकेको छ। उपभोक्तालाई स्वस्थ्य र गुणस्तरीय बस्तु उपलब्ध गराउनु राज्यको सबै अङ्गको दायित्व भएको र अन्य प्रदेशमा पनि यस्ता चेकपोष्ट प्रयोगशाला स्थापना गरिएको हुदाँ यस्ता चेकपोष्टको स्थापनाबाट प्रदेश प्रदेश बीचको सम्बन्धमा नकारात्मक प्रभाव पर्दैन। यो सबैको दायित्वको कुरा हो। कृषि उत्पादनका कार्यक्रममा दलित समुदाय लगायत सिमान्तकृत वर्गको पहुँच पुऱ्याउन कृषक वर्गिकरणको आधारमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाईएको छ। गण्डकी प्रदेश मात्रै त्यस्तो एउटा प्रदेश हो जसले कृषकको वर्गिकरण गर्ने गऱ्या छ। हाम्रो कृषि मन्त्रालयले र ति वर्गिकृत कृषकको आधारमा जो आधारभूत कृषक छन् जो जो गरिब किसान छन् तिनिहरुलाई सेवा प्रवाह प्रायोरिटी दिने कुरा हाम्रो प्रदेशले दलित समुदाय र सिमान्तकृत समुदायको कृषकको त्यो क्राइटएरिया भित्र परेका समुदायलाई सेवा पुऱ्याउन सेवामा पहुँच पुऱ्याउनकोलाई हामीले त्यस्तो नीतिको व्यवस्थापन गरेका छौं। हिमालय जिल्लाका आवासीय विद्यालयका विपन्न विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार गर्ने नीति लिएको छ। दलित समुदायका सबै विद्यार्थीलाई आधारभूत तहसम्मको व्यवस्था संघीय सरकारले गरेको व्योहोरा अनुरोध छ। मैले यहाँनिर के भन्न खोज्या छु भने देखी यो सामुदायिक विद्यालयलाई तपाईंको बोर्डिङ्ग सरहको बोर्डिङ्गसंग कम्पिटेटिभ बनाउन खोजियो भन्ने खालको आशयबाट यी कुरा उठ्या हुनाले हामीले यस्तो गऱ्याछौ भन्न खोजेको। जनआन्दोलन र शशस्त्र संघर्षको शहिद तथा बेपत्ता परिवारका परिवार घाईते तथा घाईते परिवार अपाङ्गता भएका व्यक्तिको लागि सरोकारवाला संघ संस्थासंगको सहकार्यमा रोजगार तथा शिपमूलक कार्यक्रम संचालन गर्ने नीति लिएकै छौं हामीले। खास गरिकन जनयुद्धमा त्यो भन्दा अरु विभिन्न खालका मधेष आन्दोलन भो ऐतिहासिक जनआन्दोलन भो छयालिस सालको आन्दोलनको  पनि कतिपय घाईतेहरु छन्। त्यसकारणले  विभिन्न जनजाति आन्दोलन भो यस्ता धेरै खालका कर्मचारी आन्दोलन भाछ धेरै आन्दोलनहरुमा घाईते भएका बेपत्ता भएका व्यक्तिहरुको परिवारलाई यसपटक विशेष नीतिकासाथ तिनिहरुलाई हामीले भोकेशनल ट्रेडिङ्ग गराउँदाखेरी या व्यवसायमा संलग्न गराउँदा उनीहरुलाई विशेष प्रायोरिटी दिएर उनीहरुको छुट्टै कार्यक्रम यसपटक नीति र कार्यक्रममा समावेश गऱ्याछौं। हाम्रो बजेटमा त्यस्तो व्यवस्था हुने कुरा यहाँहरुलाई जानकारी गराउँन

चाहन्छु। प्रदेश सरकारले यस वर्षदेखी नीजि क्षेत्रसंग मिलेर प्रदेशको गौरबको रुपमा रहेका धौलागिरी हिमाल भयो अन्नपूर्ण हिमाल आरोहण दिवश मनाउने त्यसकालाई आन्तरिक पर्यटन वर्ष २०१९ को कार्ययोजनामा समेत समावेश गरी कार्यान्वयनमा ल्याईसकेको छ। आगामी वर्ष प्रदेश भित्रका हीमालचुलीका पिक प्रोफाईल तयार गर्ने प्रदेशका ११० प्रमुख पर्यटकीय गन्तव्यको सचित्र पुस्तकालय विभिन्न भाषामा प्रकाशन गर्ने र गर्विलो गण्डकी ग्लोरियस गण्डकी नामक वेभ प्रोटल मार्फत प्रचार प्रसार गर्ने नीति लिएको छ। यस अतिरिक्त हिमाल सम्मको पहुँच सहज पहुँचका लागि पदमार्गको निर्माण स्तरोन्नति र सौन्दर्यकरण गर्ने कार्य निरन्तर रुपमा संचालन भैराखेका छन्। प्रदेश सरकारको नीति तर्जुमादेखी कार्यान्वयन सम्मको चरणलाई पारदर्शि जवाफदेही र पूर्वअनुमान योग्य बनाउन नतिजामूलक सूचकमा आधारित अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने नीति लिएको छ। हाल संचालनमा रहेका हेलो मुख्यमन्त्री कक्ष आधुनिक प्रविधियुक्त विशेष कक्ष र जनतासंग मुख्यमन्त्री टेलिभिजन कार्यक्रमलाई थप प्रभावकारी बनाई संचालन गरिने भएकोले कार्यान्वयनमा कुनै व्यवधान नरहने विश्वास दिलाउन चाहन्छु। प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुने रोजगारी सिर्जना हुने गरिबी न्यूनिकरण भै जिवनस्तरमा सुधार आउने तथा समग्रमा समृद्ध प्रदेश र सुखी नागरिकको दिर्घकालिन लक्ष्यको आधारशिला तयार हुने विश्वास लिएको छु। माननीय सभामुख महोदय, माननीय सदस्यज्यूहरुले उठाउनु भएका केही थप विषयहरुमा मैले केही विषयहरु राख्ने अनुमति चाहन्छु। माननीयज्यूहरुले उठाउनुभाछ हाम्रो प्रदेशमा हिजो गौरबको आयोजनाहरुको रुपमा रहेको गोरखकाली रबर उद्योग अहिले जिर्ण अवस्थामा छ या अहिले बन्द छ। त्यसलाई संचालन गर्नुपर्छ भन्ने माननीय सदस्यज्यूहरुले आवाज उठाउनुभाछ त्यो भावनाको म सम्मान गर्छु तर हामीलाई धेरै हतारो थियो गण्डकी प्रदेश सरकार गठन भएको केही महिनामै हामीले हाम्रो मैले केही ठाउँमा बोल्या पनि थिए। हाम्रो उद्योग मन्त्री जानुभयो र त्यहाँ सबकुरा बुझ्या पनि हो र हामीले त्यो गोरखकाली रबर उद्योगलाई हामीले संचालन आफैले किन संचालन नगर्ने भनेर बढी कहिले कहिले अन्ध राष्ट्रबाद प्रदेशवादी भन्नेकी या तपाईंको बढी प्रदेशवादी भन्नेकी के हो थाहा छैन मलाई हैन कहिले अवस्तुवादी निर्णय गर्न पुग्दा रैछौ हामी। हामीले त्यँहा गएर  बुझ्दा खेरी  अब त्यो रबर उद्योग जुन हालतमा छ त्यो संघीय सरकारको उद्योग मन्त्रालय अन्तर्गत रहेको हुनाले उद्योग मन्त्रालयले हामी सक्दैनौं भनेर हात उठाउन पऱ्यो पहिला कुरा अनि उनीहरुले हामीलाई हस्तानान्तरण गर्नुपऱ्यो। उनीहरुले हस्तानान्तरण गर्ने चाहेको छैन पहिलो कुरा त्यही व्यवधान छ हामीले यो सपै कुरा बुझेकै हो । दोश्रो कुरा त्यँहा कर्मचारीहरु अहिले सम्म तलब खान पाएको छैन करोडौ रुपैयाँ कर्मचारीहरुलाई लगभग छपन्न कति करोड त्यस्तै कर्मचारीलाई भुक्तानी नगारिकन त्यो कामै प्रारम्भ हुँदैन। श्रमिकहरुलाई अहिले सम्म मारेर राखेकै थिए त्यँहाको व्यवस्थापनले संघीय सरकारले यसमा व्यवस्थापन गर्न सकेकै छैन व्यवस्थापन गरेकै छैन। अब त्यँहाको जमिन बाहेक त्यहाँको कुनै मेशिन काम लाग्ने छैन किनभने अब धेरै  नयाँ प्रविधि विकास भैसक्यो रबर उद्योगमा। हामीले त्यो रबर उद्योग खोल्ने बित्तिकै ईण्डियाको धेरै ठूला  रबर उद्योगहरुसंग हामीले कडा प्रतिस्पर्दा गर्नु पर्छ। धेरै षडयन्त्र जालझेल सारा तिगडम हुन सक्दछ कसरी जनकपुर चुरोट कारखानालाई ड्यामेज गरीयो कसरी तपाईंको हाम्रा थुप्रै उद्योगहरुलाई ड्यामेज गऱ्यो भन्ने कुरा हामीले भुल्नु हुँदैन। त्यो अभियान पनि शुरु हुन्छ त्यसकारणले चुनौति धेरै छन्। त त्यसका बाबजुद पनि सपै प्रबन्ध मिलेको भए हामी चलाउनको लागि सोचेको हो तर त्यसकारणले त्यो अहिलेको स्थितीमा अरबौ रुपैयाँ लाग्ने त्यो स्थापनाको लागि त्यो प्रविधिको लागि फेरी चाईनिजहरुसंग हामीले कुराकानी गर्न परो। त्यो यदि भौतिक संरचना केही केही काम लाग्ला  धेरै काम गर्ने स्थितीमा छैन अब केही नयाँ संरचनामा जाँदा खेरी नयाँ प्रविधि ल्याउँदा खेरी  त्यो संरचनाहरु  काम नलाग्ने हुन्छन्। त्यसकारणले यो धेरै गाऱ्हो विषय भएको हुनाले हामी अहीले मुख नखोलिकन बसेका छौँ ।वेट एण्ड सी मा बसेका छौँ अहिले त्यो निर्णयमा पुगिसकेका छैनौ। यसकारणले त्यसमा माननीय सदस्यज्यूहरुको यो

भावनालाई सम्मान गर्दै कदर गर्दै अहिलेको परिस्थितीले त्यो संचालन गर्ने स्थितिमा नरहेको कुरा जानकारी गराउन चाहन्छु। यो आँप पिपल हस्पिटललाई प्रदेशकै विशेष अस्पतालको रुपमा सम्बोधन गरीयोस भन्ने माननीय सदस्यज्यूहरुको जे जिज्ञासा छ र माननीय सदस्यज्यूहरुको अर्को जिज्ञासा पनि छ प्रदेश सरकारले अघिल्लो आर्थिक वर्ष ०७५र०७६ को नीति र कार्यक्रममा र बजेटमा पनि प्रत्येक स्थानीय तहमा २५ शैयाको र ५० शैयाको गाउँपालिकामा २५ शैयाको नगरमा ५० शैयाको र प्रदेशको राजधानीमा १००० शैयाको अस्पताल बनाउँने संघ सरकारसंग मिलेर भनेको हामीले स्थानीय सरकारसंग मिलेर भनेको तर संघ सरकारले बजेट त छट्टाएको गत वर्ष पनि तर त्यसले काम अगाडि बढाएन र हामीले हेर्दाखेरी हाम्रो आफ्नो अधिकार क्षेत्रभित्र के छ कुन खालको कुन स्वास्थ्य संस्था हाम्रो एकल अधिकारको क्षेत्रभित्र छ या तपाईंको आयोजनाको वर्गिकरणमा कुन हामीलाई पर्‍या छ या संघ सरकारले हस्तानान्तरण गर्दा कुन कुन संस्थाहरु हामीलाई हस्तानान्तरण गर्‍या छ या कार्य विस्तृतिकरणमा सरकारको कार्य विस्तृतिकरणमा कुन कुन संस्थाहरु हाम्रो मातहतमा छ भनेर काम गरिएन भनेदेखी अर्काले गर्नुपर्ने काममा हामी आफैले स्मार्ट भएर गरियो भनेदेखी त्यसको कुनै प्रतिफल हामीले प्राप्त गर्न सक्दैनौं। त्यसकारणले अहिले हामीलाई संघ सरकारबाट प्राप्त भाथ्यो गत मंसिरतिर प्रदेशको लमजुङको जिल्ला अस्पताल एचडिसिएसले संचालन गरेको बाहेक अरु सबै जिल्ला र बाग्लुङ्गको अञ्चल अस्पताल प्रदेशको मातहतमा रहने भनेर उसले निर्णय पठायो र यहाँ पोखराको मातृ शिशु मितेरी  बाल तथा मातृ शिशु अस्पताल सहितको नौवटा अस्पताल प्रदेशको रहने र एघार वटा दश वटा अस्पताल प्रदेशको रहने र एघार वटा आयुर्वेदिक अस्पतालहरु अञ्चल र जिल्ला स्तरका अस्पतालहरु प्रदेश सरकारको मातहतमा गयो भने हाम्रो स्वामित्वमा आएको हामीले अब हामीले आफ्नो अस्पताललाई सुदृढ गर्दै लैजानेकी अरु स्थानीय तहलाई गैसकेको आधाभूत स्वास्थ्य र प्राथमिक स्वास्थ्य केन्द्र सम्मको अधिकार त पन्ध्र शैया सम्मको अस्पताल त स्थानीय तहहरुको दायित्व  भित्र पर्‍या छ । अर्काको दायित्वभित्र परेको र राष्ट्रिय पोलिसिभित्र परेको स्वास्थ्य चौकीहरु निर्माण गर्दै जाने कुरामा हामी हात हाल्नेकी हाम्रो स्वामित्वमा आएको अञ्चल या साविक अञ्चल या जिल्ला अस्पताललाई प्रभावकारी बनाउने जनशक्तिको व्यवस्थापन गर्ने औषधी र उपकरणको आपूर्ति गर्ने र भौतिक संरचनाहरु निर्माण गर्ने काम ठूलो कुरा भन्दाखेरी हामीले रोज्यौं र त्यसमा हामीले कार्यक्रम संशोधन गरेर हामीले के भन्यौं स्थानीय तहको प्रतिसयको अस्पताललाई हामीले के भन्यौ अब हामीलाई प्राप्त भएको जो जिल्ला अस्पतालहरु छन् अञ्चल अस्पतालहरु ति पनि स्थानीय तहमै छन्। ति पनि कुनै न कुनै नगरपालिकामा छन् कुनै न कुनै गाउँपालीकामा छन् त्यसकारणले त्यसलाई त्यो नगरपालिका गाउँपालिकाको पचासीवटालाई घटाएर हामीले तेह्रवटा एघारवटामा झारौ र हामीले हामीलाई जे अधिकार प्राप्त भाछ त्यसैलाई हामीले सुदृढिकरण गर्न लागौ भनेर हामी लाग्याछौँ । बहुत उत्साहित ढङ्गले जिल्ला अस्पतालका मेसुहरु जिल्ला अस्पताल व्यवस्थापन समितिहरु लागेको र केही न केही अब प्रगति हुन्छ यले फुलफ्रेस टाईपको जिल्ला अस्पताल कस्तो खालको हुन्छ भनेर हामीले एउटा मोडल पेश गर्न खोजेका हौँ । सात सातवटै प्रदेशभित्र गण्डकी प्रदेशभित्रका मोडेल जिल्ला अस्पतालहरु कस्ता छन् मोडेल अरुका अस्पताल कस्ता छन् भनेर हामीले मोडेल पेश गरेका छौं । यो चार वर्षभित्र साच्चिनै फुलफ्रेस टाईपको जिल्ला अस्पताल कस्तो हुन्छ भनेर हामी देखाउन चाहन्छौँ नेपाललाई त्यसकारणले त्यसका आधारमा हामीले काम गर्दाखेरी हामीले यो ट्छ शैयाको छ्ण शैयाको यो बार भंगारको कुराहरु तेलाई अल्लि करेक्सन गरेर हामीले यो एउटा शिप प्रयोग गरेको कुरामा माननीय सदस्यहरुलाई जानकारी गराउन चाँहन्छु । त्यसकारणले हामीले त्यो हजार शैयाको अस्पताल पनि जान सकेनौं हजार शैयाको अस्पताल हामीलाई दिदै दिएन । पश्चिमाञ्चल क्षेत्रीय अस्पताल हामीलाई त्यो संचालन गर्ने त्यो आज सम्म  प्रदेश सरकारले मन्त्रीपरिषदले निर्णय गरेर पठाएको हैन माथी त्यो हामीलाई हस्तानान्तरण गरेन हामीलाई के के लाग्याथ्यो भनेदेखी त्यो सपै जुन दरबन्दी स्वीकृत भएर आयो भने त्यो सम्पत्ति सबै हामीलाई भयो भने व्यवस्थापन हामी गर्न सक्छौँ । राम्रो

ढङ्गले व्यवस्थापन गर्न सक्छौँ । म एउटा कुरा निवेदन गर्न चाहन्छु त्यो अहिले पनि यति धेरै खडकीराख्या  विषय छ हिजो मात्रै मेरो छिमेकी एकजना फूपु ब्रेन हेमराईज भयो राती लिएर आयो न्यूरो सर्जननै रैनछ त्यहाँ न्युरो डिपार्टै रैनछ त्यो पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पोखरामा दुई ठाउँमा मात्रै हुनेरैछ एउटा जिएमसीमा एउटा त्यो मणिपाल अहिले मणिपालमा लगेर उपचार गर्न पऱ्याछ । अब हाम्रो दायित्व के भन्देखी हामीले सोचिराछौ  पश्चिमाञ्चल विकास क्षेत्र क्षेत्रीय  या उपक्षेत्रीय अस्पताल अब प्रदेशलाई दिने  भन्ने कुरा अब अस्तिको आयोजना या कार्यक्रम वर्गिकरणमा यो राख्या हुनाले अब गण्डकी  पश्चिमाञ्चल विकास क्षेत्रीय अस्पताल हामीलाई हस्तानान्तरण भयो भने हामी यसपटक देखी त्यसमा हामीले जो सुपर स्पेसलाईज हस्पिटल बनाउने भन्याछौँ त्यसैलाई केन्द्र बनाएर हामी  बनाउन सक्ने ठाउँमा अब हामी जान्छौँ । त्यसकारणले त्यहाँ हर्टको डिपार्टमेन्ट खोल्ने त्यहाँ किट्नीको  डिपार्टमेन्ट खोल्ने त्यहाँ न्युरोको डिपार्ट खोल्ने त्यहाँ क्यान्सर अङ्कोलोजिकल डिपार्टमेन्ट खोल्ने  काम गरेर त्यहाँ आधारभूत विशेष त्यहींबाट प्रारम्भ गरेर त्यसलाई  त्यसलाई अलिकति बिस्तारित रुपमा बिस्तारै हजार शैयाको अस्पतालमा  डेभलप गर्ने कुरामा  सोचिराछौँ । शायद यस पटकको नीति र कार्यक्रममा हामीले त्यो माथी संघीय सरकारसंग सहमति गरेर समन्वय गरेर धेरै कुराहरु ल्याउँनु पर्ने स्थिति हुन सक्दछ । अहिले हामीले त्यसलाई नीतिमा नबोले पनि हामी त्यो ठाउँमा जाँदै छौँ । त्यसकारणले स्वास्थ्यको क्षेत्रमा हामीले यस ढङ्गले काम गरेको कुरा माननीय सदस्यहरुलाई जानकारी गराउन चाहन्छु सुचित गर्न चाहन्छु । त्यसकारण अहिले हामीले आँप पिपल हस्पिटलले अरु हस्पिटलहरुलाई संचालन गर्ने त्यसबारेमा  हाम्रो सोंच अलि बढी गैसक्या छैन । भएको आफ्नै एघारवटा अस्पताललाई व्यवस्थित बनाउँ अब पश्चिमाञ्चल गण्डकी अस्पताल आयो भने तेलाई पनि अझ व्यवस्थित सुदृढ बनाउँ सुपर डाईग्नोसिस सेन्टर बनाउँ सुपर स्पेसलाईस्ट हस्पिटलको रुपमा  तेलाई डेभलप गरौ त्योसंग हामीले कुनै कुनै न कुनै मेडिकल कलेजलाई आवद्ध गरौं र त्यसैको मातहतमा रहेर एउटा फाईभस्टार इण्डस्ट्रिज खोल्छौ भनेर जुन हाम्रो प्याकेज छ त्यो प्याकेज डिलमा हामी त्यसैसंग गरेर गर्न चाहन्छौँ । यदि यो कुरा अब संसदबाट चाडै निर्णय  भएर आईदियो भने सुन्न त सुनेका छौँ हामीले त्यो त्यसकारणले यसमा यत्तिकै जानकारी गराउन चाहन्छु । यसपाली नीति र कार्यक्रममा हामीले र माननीयहरुले जुन उठाएको कुराहरु छ तेलाई हामी त्यस रुपमा जान नसक्ने कुरा अहिलेको परिस्थितिले त्यो व्योहोरा जानकारी गराउन चाहन्छु । मोडेल फारामको धेरै कुरा छ हामीले  मैले आत्मालोचना गरिसक्या छु । आत्म समिक्षा गरेका छौँ हामीले हाम्रो नीति र कार्यक्रम आत्म समिक्षाको  दस्तावेज पनि हो हाम्रो कामको तपाईंको जानकारीको दस्तावेज पनि हो सूचना सम्प्रेषणको दस्तावेज पनि हो र आगामी दिनमा आगामी एक वर्षभित्र के गर्छौ र यो एक वर्षभित्र गर्ने कामले अबको चार वर्षभित्र कसरी त्यसले सहयोग गर्छ भन्ने कुरा पनि रणनीतिक लक्ष्यका केही कुराहरु कार्यनीति लक्ष्यका केही कुराहरु हामी त्यहाँ समावेश गरीएका छौँ । त्यसकारणले आत्म समिक्षामा हामीले के भन्या छौँ यसपटक हामीले जुन कार्यविधी बनायौं एकपटक हामी सप्पैले छातीमा हात राखेर भनौ मन्त्रीले तोकेर फाराम बाँडेको भए के हुन्थ्यो फारामलाई तोकेर पैसा वितरण गऱ्या भए या पूँजिगत अनुदान या वस्तुगत अनुदा जे हो त्यही  तोकेको भए के हुन्थ्यो आजको डेमोक्रेसीमा आजको  तपाईंको यो पारदर्शि जमानामा त्यस्तो गर्नु उचित हुन्थ्यो त्यसकारणले हिजो हामीले नीति र कार्यक्रम बनाउँदा खेरी के सोच्यौ भन्देखी अहिले हामी सबै तयारी नभएको कारणले गर्दाखेरी कुन कुन ठाउँमा कुन कुन फाराम र फर्मलाई दिनि भन्ने कुरा निर्णय गर्न सकिएन सम्भव थिएन त्यसकारणले हामीले एउटा गुडफेदका आधारमा राम्रो कार्यविधी बनाउने राम्रो नियमावली बनाउने नियम बनाउने त्यसको आधारमा त्यसको एउटा मापदण्ड बनाएर व्यक्ति हेरेर होइन मापदण्डका आधारमा उसको काम हेरेर उसको क्षमता हेरेर उसको आवश्यकता हेरेर हामीले सहयोग गर्ने नीति ल्याएथ्यौँ अनि त्यो मार्किङ्ग गर्दाखेरी हामीले सपै ठाउँमा तिन ठाउँबाट हामीले वितरण गऱ्या हो एउटा ज्ञान केन्द्र र विज्ञ केन्द्रबाट अर्को निर्देशनालयबाट अर्को मन्त्रालयबाट ठूलो  करोड भन्दा माथिका पचास लाख भन्दा माथिको मन्त्रालयबाट पच्चिस लाखदेखि पचास लाख सम्मको शायद तपाईंको निर्देशनालयबाट अनि साना १० लाख २० लाखको हामी विज्ञ केन्द्र ज्ञान

केन्द्रबाट गऱ्या छौँ । होला कहिलेकहिले शुरुमा शुरुका दिनमा काम गर्दै जाँदाखेरी हामीले जुन मापदण्ड बनायौं नम्बरिङ गऱ्या होनि नम्बर दिएर परीक्षा दिएर आवेदन माग्यौं आवेदन दिएर आवेदन दिएको मध्ये सपै लिस्टिङ गरेर हाम्रो ज्ञानकेन्द्र र विज्ञकेन्द्रका सपै साथीहरु त्यो त्यही फार्ममा पुग्नुभो अनद फिल्ड हेरेर त्यसको सारा टिपोट गरेर ल्याएर साच्चै होकी होइन उसले दरखास्तमा भनिएका कुराहरु दिएका जो मापदण्डहरु छ की छैन भनेर हेरेर आएर कतिपय त्यो मापदण्डभित्र परेन त्यो दरखास्त दिएपनि त्यो आउट भयो लिस्टबाट बाहिर गयो अनि लिस्टेड भएकाहरु मध्येबाट हामीले नम्बरिङ गर्दाखेरी होला यहाँनिर प्रश्न उठाउन सक्ने मलाई पनि चित्त नबुझेको के छ भने लिस्टिङमा नम्बरिङ गर्दाखेरी केही केही कुराहरु हामीले अलिकति अति गरियोकी अति डेमोक्रेटिक भएर गर्दाखेरी कहिले कहिले नोक्सान भयोकी भन्ने लाग्छ । मैले अस्ति पनि भन्याथे एउटा दश नम्बरको एउटा मापदण्ड के बनायौं हामीले त्यो फेरी मुख्यमन्त्रीले धेरै ठाउँमा भाषण गरेको हामी माननीयज्यूले धेरै ठाउँमा भाषण गरेको विदेशी पलायनलाई रोक्नु पऱ्यो सारा गर्नु पऱ्यो विदेशमा गको गै छ युवाहरुलाई रोक्नु पऱ्यो भन्या हुनाले हामी त्यसबाट बढी बसिभूत भएर हामीलाई के भनो अठार उमेर वर्षदेखी पैतालिस वर्ष उमेर सम्मको लागि बढी प्रायोरिटी दिउँ भन्दाखेरी त्यसैलाई बराबर हुदाँखेरी त्यो उमेरको हदबन्दी अलि बढी उमेरकोलाई यो भर्खरको लक्का जवान छ भने तेलाई प्रायोरिटी दिउँ भन्ने ठाउँमा थियो हाम्रो तर हामीले त्यसैलाई मापदण्ड बनाउँदाखेरी हाम्रो मिस्टेक कहाँ हुने दश नम्बर तेले बढी पाउँने भयोनि त्यसो गर्दाखेरी युवाहरुले बढी पाए अहिले यो पचास वर्षको पैतिस छयालिस वर्षको पचास साठी वर्षकोले नपाउने भयो । त्यही विरोध भाको हो अरु के पनि होईन र एउटा मापदण्ड के रैच भन्दोखेरी द्वन्द पिडित/भूकम्प पिडित भन्ने रैछ त्यो त्यो राख्दाखेरी जो जो द्वन्द पिडितमा दर्ता थिए दर्ता भाथे तिनिहरुले स्वतह दश नम्बर बढी पाउँने भो ग्रेस पाउँने भो त्यो ग्रेस पाउँदाखेरी त्यसकारणले द्वन्द पिडित धेरैको थिए साबिक माओवादीका थिए। काँग्रेसका एमालेका या अरु पार्टीका थोरै थिए। त्यसकारणले धेरै साबिक माओवादी युद्धमा लागेका द्वन्द द्वन्दमा पिडितहरु हुँदाखेरी मान्छेलाई केही भाहैन हाम्रो त्यो त्यो जुन नम्बरको मापदण्ड बनायौँ हामीले त्यो मापदण्ड बनाउँदाखेरी त्यो सानो तपाईंको मिसप्लेसले भनौ या तेले गर्दाखेरी द्वन्द द्वन्द पिडितहरु भनेपछि तिनिहरुले बढी पाउँने भए त्यो क्राईटएरियामा त्यो त्यो क्लासभित्र तेले गर्दाखेरि बाहिर के प्रचार भो सप वाइसिएलका मान्छेहरुलाई बाड्यो भन्ने प्रचार भयो उमेरका हिसाबले पनि वाइसिएलकै उमेरका थिए र द्वन्दका हिसाबले तिनिहरु कुनै न कुनै द्वन्दमै थिए। त्यसकारण उनिहरुले बढी पाउँने स्थिति बन्यो यसकारणले मैले मन्त्रीज्यूलाई अब नेक्स टाइममा हामीलाई यो आर्थिक वर्ष यो कार्यविधि हामीले सच्याउनु पर्छ। द्वन्द पिडितहरुलाई अलग्गै एउटा कार्यक्रम बनाँउ त्यसमा द्वन्द पिडितहरु मात्रै प्रतिस्पर्धा होस त्यँहा जेण्डर किसानलाई भन्दाखेरी द्वन्द पिडितहरु पनि प्रतिस्पर्धा गर्न पाउँने तर तेलाई विशेष नम्बर नदिने यताबाट उमेरकोलाईनि विशेष नम्बर नदिने तर अब द्वन्द पिडितहरु र अपिडितको बिचमा बराबर नम्बर आयो भने द्वन्द पिडितलाई पास गर्ने या एउटा पैतालिस वर्ष कटेका र अण्डर फोर्टि फाइभको बिचको प्रतिस्पर्धामा बराबर भयो भने अण्डर फोर्टि फाइभको युवालाई प्रायोरिटी दिने त्यो त्यो सेन्समा जानुपर्छ होला भन्ने हामीलाई लाग्या छ। त्यसकारण यसमा शायद धेरै तलमाथी भको पुरा धाधलि भको मान्छे हेरेर बाँडेको बिल्कुल होईन। तपाईंको त्यो सपै नम्बर हेर्न सक्नुहुन्छ अहिले पनि त्यसकारणले यसलाई हामीले परिमार्जन गरेर संसोधन गरेर अगाडी लैजाने मन छ तर किसानलाई राहत त फेरी पनि दिनुपऱ्यो पडक्सन र पडक्टिभिटी बढाउनको लागि गरिबी निवारणको लागि यो कामको निरन्तरता दिनुपर्नेछ तर त्यलाई व्यवस्थित गरेर जानुपर्छ भन्याछौँ यसमा माननीय सदस्यज्यूहरुलाई म के आग्रह गर्न चाहन्छु भने धेरै शंका नगर्नुहोला हामीले गुडफेदकासाथ काम गरेका छौ त्यसकारणले गुडफेदकासाथ काम गर्ने कुरामा हाम्रो कुनै इन्टेन्सन छैन एक्सिडेन्टल्ली कुनै गल्ति भाछ भने त्यो पहिले पनि मैले भनिसक्याछु अहिले पनि म भनिरहेकै छु त्यसकारणले यत्ति कुरा यहाँहरुसंग निवेदन गर्न चाहन्छु यस विषयमा यहाँहरुसंग अघि पनि मैले भनिसक्याछु त्यहाँ तर तपाईंहरुले के भन्नुभाछ भने सहुलियत ब्याजदरको साटो दुई

परसेन्ट राख्ने भन्ने गर्न सकिन्छ । दुई परसेन्ट किन ब्याजै मिनाहा गर्न सकिन्छनि दुई वर्षनै किन भन्नुभो तपाईंहरुले त्यसमा मेरो पनि प्रश्न छ त्यसमा हामीले के सोच्या हो भन्देखी अस्ति कृषि मन्त्री र मेरो कुराकानी हुँदाखेरी अब हाम्रो प्रदेशमा हामीले जे लक्ष्यहरु राख्याछौँ जे आर्थिक वृद्धिदर बढाउने लक्ष्य राख्याछौ जसरी गरिबी घटाउने भन्याछौँ पर क्यापिटा इनकम बढाउने भन्याछौँ आयु बढाउने भन्याछौँ मृत्युदर घटाउने भन्याछौँ सबै सबै कुरा जेजे हामी भनिराख्या छौनि यो भनिरहँदाखेरी लगानी नबढिकन नेशनल जिडिपिमा हाम्रो योगदान नबढाईकन हामीले यी चिजहरु प्राप्त गर्न सक्दैनौं। त्यसकारणले गर्दाखेरी त्यसको लागि हामीले आँकलन गर्नु हाम्रो प्लानिङ कमिशनले के भन्यो दश खरब बाह्र अरब चाहिन्छ भन्यो त्यसको लागि त्यति लगानी गरिसक्या हुनुपर्छ पाँच वर्षभित्र हामीले तर त्यो प्रदेश सरकारको मात्रै बुताभित्र छ त्यो छैन। त्यसकारणले हामीले धेरै भन्दा धेरै निजी क्षेत्रलाई आकर्षित गर्नको लागि गर्नुपर्ने केत अहिल्यैनै कृषि विकास बैङ्कले ११ परसेन्टमा ब्याज दिन्छ । ११ पसरेन्ट ब्याजमा ऋण दिन्छ हामीले के गर्न सकौंला ५ परसेन्ट हामीले घटाईदियो भने उले **सिक्स** परसेन्ट मात्रै तिरेर भएनि ब्याज लिए भो ऋण लिने भो प्रदेश सरकार लबालब भएको भए शायद हामीले माग्या अनुसारको तपाईंको पचास अर्व पठाईदिएको भए हामी एघारै परसेन्ट वेहोरिदिन्थ्यौक्या तर यसको एउटा घाँटी हेरेर पनि हाड निल्नुपर्‍यो तर किसानलाई पनि फेरी तपाईंको सर्प पनि मर्नुपर्यो लठ्ठी पनि भाचिनु भएन सेवा प्रदान गर्ने पनि बाच्नुपर्यो सेवा प्रदान गर्ने हैसियतमा बस्नुपर्यो सेवा  ग्रहण गर्नेले ग्राह्य पनि त्यो सेवा पाउनुपर्यो त्यसकारणले आज यो बीच नाउँमा छौ त्यसकारणले हामीले के भन्याछौं भनेदेखी ५ परसेन्ट या ६ परसेन्ट हामीले बेहोरिदिने त्यसको लागि एउटा बास्केटमा पैसा राख्ने भला ५ करोड ६ करोड १० करोड कति भन्छौँ तेलाई हामीले जुन बैङ्कमा लोन लिने हामीले सम्झौता गर्‍या हुन्छौँ त्यो लोन त्यो बैङ्कमा जम्मा गर्ने  हाम्रो किसानहरुले त्यहाँ गएर निजी क्षेत्रले त्यहाँ ऋण लिन्छ त्यहाँ गएर ऋण लिदाँखेरी अब उसले तपाईंको ११ परसेन्ट ११ परसेन्ट कृषि विकास वैङ्कले अशुल्छ ऋण हामीले ५ परसेन्टको रकम त्यहीं जम्मा गरिदिएपछी उले किसानसंग ६ परसेन्ट मात्रै लिने यस्तो खालको प्रवन्ध गर्ने भनेर भन्या हो त्यसकारणले अर्को व्यवस्था भयो भने त्यसलाई हामीले त्यसरी मिलाउन खोज्या हो त्यसकारणले तपाइहरुले भन्नुभको कुरा म सम्मान गर्छु। किसानलाई राहत दिउँ उत्पादन बढाँउ भन्ने कुरा सकारात्मक कुरा छ  तपाईंहरुले गुडफेदका आधारमा भन्नुभा हो तर तपाईंको वाक्य र मेरो वाक्य भेट मात्रै नभाको हो कुरा त एउटै हो। सहुलियत दिने कुरै हो हाम्रो सबैको हैन रु त्यसकारणले अहिले हामीले जे प्रवन्ध गरेछ त्यसैमा हामी सबैले चित्त बुझाउनको लागि  म अनुरोध गर्न चाहन्छु। अब अर्को कुरा अघि आईनै सक्या छ धेरै कुराले हैन असिनाबाट  धेरै नोक्सान भएको नोक्सान भैरहने हाम्रो प्रदेश हो या त त्यस खालको स्टक्चर बनाईदिनु पर्‍यो टनेलहरु ग्रीन हाउसभित्र खेति गर्ने बनाउनु पर्‍यो। साह्रै ठूलो तपाईंको हाम्रो चक्लाबन्दीको रुपमा गर्दाखेरी त्यो कत्तिको सम्भव हुन्छ या त्यसमा प्रदेशले सहयोग गर्नुपर्‍यो या तपाईंको असिना छल्ने मौसममा लगाउने बालीमा बढी जोड दिनुपर्‍यो। या असिना परिहाल्यो भने त्यसमा नोक्सान भयो भने त्यसबाट कृषि बिमा गरेर बाली बिमा गरेर गर्नुपर्‍यो भनेर हामीले यस पटक भनेका छौं। बाली पशुपंक्षी कहिले अस्ती भर्खर तपाईंको लमजुङको त्यो दोर्जे दुधपोखरी गाउँपालिकामा सोत्राम भो दुई तिन सय भेडा मरो त्यो दुई तिन सय भेडा शायद तिनहरुले  पशु बिमा गरेको भए तेले केही न केही राहत पाउथे। यस्तो बिमा गर्ने कुरामा सम्बन्धित बिमा कम्पनी र हाम्रो जुन संस्थाहरु हुन्छन् किसान हुन्छन् उनिहरुको बिचमा समन्वय गरेर हामी बाली बिमाको या पशु बिमाको या पंक्षी बिमाको प्रबन्ध यस पटक सरकारले बोलेकै छ नीति कार्यक्रममा आएकै छ त्यस खालको प्रबन्ध हामी गर्छौ भन्ने कुरा यहाँहरुलाई  जानकारी गराउन चाहन्छौं। गत साल पनि यो कुरा उठ्या थियो यसपटक पनि उठाउने भो  फेरी मलाई मैले त्यही बेला सोचेको पनि थिए यो ड्राफ्ट गर्ने बेलामा यो कुरा  फेरी पनि उठ्छ होला भनेर हामीले भन्यौं जनयुद्ध राख्नेकी शसस्त्र संघर्ष राख्ने  म संविधान सभाको संविधान बनाउने बेलाको सन्दर्भ पनि संझन्छु। धेरै विवाद भयो एकथरी जनयुद्ध भन्ने सुन्नै नचाहने अर्को जनआन्दोलन मात्रै किन भन्ने जनयुद्ध अगाडि राख्नु पर्छ

भन्ने मधेशीले मधेशी आन्दोलन नराखिकन हुँदैन भने जनजाती आन्दोलन पनि त राख्न पर्यो कर्मचारी आन्दोलन राख्ने कि नराख्ने यस्ता यस्ता धेरै कुराहरु उठेपछी त्यसभित्र एउटा कम्परमाईज गरे संघमा नेताहरुको बीचमा पार्टीहरुको बीचमा एउटा सम्झौता भयो त्यो भनेको सात सालमा पनि हतियार उठ्यो अठार सालमा पनि नेपाली कांग्रसले विद्रोह गर्यो हतियार उठाएको हो। सत्ताईस सालमा पनि झापा विद्रोह भयो त्यतिखेर पनि हतियार उठेकै हो। अब बाउन्न देखी तपाईको बैसठ्ठी सम्म ठूलो युद्ध भयो। त्यसकारणले हामीले बिस तिसवटा अबजेटिभ थप्नेकी के गर्ने भन्दाखेरी लामो छलफल हुँदाखेरी अब यो पैसठ्ठी पैतिस छत्तिसको जनआन्दोलन पनि नभन्ने छयालिस सालको जनआन्दोलन पनि भन्न परो हैन बैसठ्ठी त्रिसठ्ठी सालको ऐतिहासिक जनआन्दोलन पनि भन्न परो मधेशी आन्दोलन त्यसकारणले जनआन्दोलन भन्नि सबै शान्तिपूर्ण आन्दोलनको प्रतिनिधित्व हुन्छ। शसस्त्र संघर्ष भन्नि जनयुद्ध पनि हुन्छ अठार सालको शसस्त्र संघर्ष हुन्छ। सात सालको क्रान्ति पनि हुन्छ उता तपाईंको सत्ताईस सालको संघर्ष पनि हुन्छ भनेर सल्लाह गरेर सहमति गरेर जनआन्दोलन र जन शसस्त्र संघर्ष भनेर संविधानमै उल्लेख भा हुनाले संविधानकै भाषा प्रयोग गरौनत त्यसो भए भनेर हामीले संविधानको भाषा प्रयोग गरेको नत्र हाम्रो सरकारलाई जनयुद्ध राख्ने कुनै आईतबार छैन कुनै समस्या छैन। समस्या भएर यो नगर्या होईन त्यसकारणले यसमा पनि त्यस ढङ्गले बुझिदिनको लागि राष्ट्रै त्यो ठाउँमा पुगिसक्यो अब संविधानमै त्यो व्यवस्था भा हुनाले त्यसभित्रको शसस्त्र संघर्षभित्रको महत्वपूर्ण यो सात सालको क्रान्ति होला क्रान्ति भन्ने गर्छौ हामी आन्दोलन भन्याछौँ तेलाई कतिले क्रान्ति भन्याछ त्यसमा त्यतिखेर उठेको हतियार बाउन्न देखी छपन्न सालमा उठेको हतियार नेपालका ठूला शसस्त्र संघर्ष यीनिहरु हुननित यसको आफ्नो ग्राभेटिज छ आफ्नो गौरबगाथा छ त्यो बेग्लै कुरा हो तर त्यसलाई हामीले समष्टिगत रुपमा एउटा शब्दले सम्बोधन गर्ने भनेर यो गर्या हो। यसमा माननीयज्यूहरुले अन्यथा सोचेर यीनिहरुले यसो गरे होई क्या हो भनेर हाम्रो निष्ठामाथी हाम्रो विश्वासमाथी पश्न नउठाई दिनुहोला। अब अन्तिममा केही कुराहरु छुटेका छन् अधि माननीयज्यूले भन्नुभो एकजना माननीयज्यूले भन्नुभो पोखरामा मेट्रो बसपार्क बनाउने कुरा र प्रोभेन्सियल बसपार्क बनाउने कुरा अस्ति प्रिन्ट भएर आएसी मलाई याद भो छुटिहालेछ यो बनाउनै पर्ने चिज छ यो वर्ष त शुरु गर्न पर्ने चिज छ भनेको त्यसलाई हामी हाम्रो बजेटको व्यवस्थापन कहीं न कहीं हामी सम्बोधन गर्छौ। हामीले भनेकै छौ हाम्रो योजना अनुसार हुनि हो भनेदेखी प्रोभेन्सियल बसपार्क हामीले बनाउने मेट्रो बसपार्क महानगरले बनाओस हैन त्यसकारणले तपाईंको यस ढङ्गले तर यो नबनाईकन आजको पब्लिक ट्रान्सपोर्टेसनलाई व्यवस्थित नगरिकन सुखै छैन हामी फेरी काठमाण्डौ हुँदैछ हाम्रो पोखरा त्यसकारणले काठमाण्डौमा केही परिणत हुनु भन्दा अगाडिनै पोखरालाई व्यवस्थित गर्ने भनेर हामीले त्यसैकारण हामीले पोखरा रिङरोडको कुरा उठाएका छौं। त्यसै कारणले यो सपै हाईवेलाई तपाईंको पोखरा बाहिर बाहिरबाट एक्जिट गर्ने भनेर भनेका छौँ र यो व्यवस्थापन गर्ने भनेका छौँ र ठाउँ ठाउँको नाकाहरु खुला गर्ने पोखराका आन्तरिक सडकहरुलाई विस्तार गरेर यो दुइ हजार एक्काइसमा पोखरा इन्टरनेशनल एयसपोर्ट बनिसके पछाडि सलल जाने गरेर जुन खालको स्थिति हामीले कल्पना गर्‍याछौँ अब त्यो काममा नलागिकन हुन्न यसपटक हामीले केही काम प्रारम्भ गर्छौ। हामीसंग बजेटको साह्रै धेरै लिमिटेसन छ त्यसकारणले ठूलठूलो गफ लाउन मिल्दैन सक्दैनौँ हामी तपाईंहरुले फेरी हामीलाई भूईफुट्टा मन्त्रीहरु भनिहाल्नुहुन्छ केही थिएन केही थिएन ठूलठूलो गफ लाउने भन्नुहुन्छ। त्यसकारणले गाली किन खानु सुरुमै हामीले आफ्नो स्थाइ धरातलमा उभिएर काम गर्दाखेरी सबैको आलोचना पनि नहुने हामीले काम गर्न पनि सक्नि स्थिति हुन्छ त्यस ढङ्गले यो हाम्रो योजनाभित्र छदैँछ पोखराको सौन्दर्यिकरण गर्ने पोखरालाई अलिकति व्यवस्थित गर्ने पोखराको डाउनटाउन रोडहरु तपाईंको मिडटाउन रोडहरु सपै तेलाई व्यवस्थित गर्ने फराकिलो बनाउने काम महानगर र हामीले मिलेर गर्नुपर्नेछ। त्यसकारणले त्यसमा पनि हाम्रो यथोचित ध्यान पुगेकै छ र अर्को प्रतिपक्ष दलका माननीयज्यूहरुले महत्वपूर्ण केही कुराहरु राख्नुभो शालिग्रामको अध्ययन गर्नुपर्यो जाहेज कुरा हो। हामीले यसबाट त्यस ढङ्गले बुझियन खाली कालीगण्डकीलाई संरक्षण गर्ने प्रवर्द्धन गर्ने भनियो त्यो भन्दाखेरीनै देबघाटको संरक्षण त्यसैसंग जोडिएर आउँछ। शालिग्राम निर्माण करिडोरको निर्माण

त्यहींभित्र आउँछ । माथी शेफोक्सुण्डो देखी तलसम्म  गोसाईकुण्डदेखी तलसम्म तेसै पुरा हुन्छ भन्नि थियो। यसलाई अलिकति स्पेसिफिक रुपमा जानपर्छ भन्ने कुरा यो साह्रै राम्रो सुझाव हो। यसमा पनि प्रदेश सरकारको ध्यान आकर्षण भएको छ। अस्ति म मुक्तिनाथ हेर्रेरै आएको मुक्तिनाथ विकास समिति या संरक्षण समिति गठन गरेर त्यसलाई तपाईंको त्यहाँको प्याकेजको रुपमा त्यसको व्यवस्थापन गर्ने त्यसको संरक्षण गर्ने र त्यसको सौन्दर्यिकरण बढाउने कुरालाई हामीले ध्यान दिनुपर्नेछ। यसपटक हामीले नभनेपनि हामीले यो फिलिमसिटीको रुपमा मुस्ताङलाई डेभलप गर्ने जियोपार्कको रुपमा डेभलप गर्ने भनेर त्यही प्याकेजभित्र तेलाई समेटेर लैजाने भन्ने साथ हामीले यो साह्रै धेरै लामो पोथा किन बनाउने हाम्रो नीति र कार्यक्रमहरुले तेसलाई अलि सिमित  गर्न खोज्या हो। फेरी पनि तपाईंले स्मरण गराईदिनुभो त्यसकी लागि धन्यवाद दिन चाहन्छौ र देबघाट संरक्षण समिति अलरेडि छदैछ तेलाई प्रदेशको तर्फबाट कसरी सहयोग गर्नि भन्नि कुरामा मैले त भन्याछु देबघाट नेपालको साच्चैनै  हामीले महेन्द्र संस्कृत विश्वविद्यालय किन दाङमा खोल्या होला भन्नि लाग्यो मलाई म अस्ति देबघाटमा जाँदा देबघाट साच्चै रुपमा भन्दाखेरी नेपालको काशी हो। ठाउँ त्यस्तो रहेछ त्यसरुपले गत वर्ष हामीले बुझेनौ यस वर्ष बुझ्याछौँ तर त्यहाँको संरचना संघले आफूसंगै राख्याछ हामीलाई दियाछैन। त्यसकारणले त्यसको  अरु कुरामा के सहयोग गर्न सकिन्छ त्यस रुपमा अलिकति सोचेका छौ हामीले त्यसकारणले देबघाटको संरचनामा हाम्रो सदासयता हुँदाहुँदै पनि संरचनाको स्वामित्वको हिसाबले त्यो संघ सरकारसंग छ। संघ सरकारसंगै मिलेर हामीले त्यहाँ त्यसको संरक्षण र सम्वर्द्धनमा लाग्नुपर्ने हुन सक्छ। यसकारणले यी कुराहरु यहाँहरु समक्ष राखे। माननीयज्यूहरुले यो एउटा कुरा पनि भन्नु भयो खर्च गर्ने क्षमता तेरो छैन पक्कै पनि छैन भएको भए मैले अहिले नब्बे परसेन्ट पुऱ्याउँथे मेरो इच्छा हन्ड्रेड परसेन्ट पुऱ्याउने थियो। हाम्रो मन्त्रीज्यूहरुको मन्त्रिपरिषदको इच्छा त हन्ड्रेड परसेन्टै खर्च गर्ने थियो किन भएन कहिले कहिले के हुन्छ गर्दै नगरेको सुतेर बसेको नसक्या हुन्छ कहिले कहिले गर्दा गर्दा नसक्या हुन्छ हाम्रो कुन होला माननीयज्यूहरुलाई थाहा छदैछ। गर्दा गर्दा कराउँदा कराउँदा हुँदा  पसिना बगाउँदा बगाउँदा नभाको अब हामी माननीयज्यूहरुले भन्नुभा जस्तै सधै संघलाई गाली गरेर हामीले उन्मुक्ति पाउँछ भन्ने सोचाइमा गण्डकी प्रदेश सरकार नभएको कुरा जानकारी गराउन चाहन्छु। सम्माननीय सदन समक्ष तर तर जनतालाई र माननीयज्यूहरुलाई यथार्थ स्थितिको जानकारी गराई राख्नु यथार्थ स्थितिको सूचना प्राप्त गर्नु सप्पै माननीयहरुको सार्वभौम माननीयहरुको सार्वभौम अधिकार हो। त्यसकारणले गर्दा खेरी त्यो अधिकारलाई हामीले सुनिश्चित गर्नु पनि पर्छनि त्यसकारणले संघ सरकार प्रदेश सरकार बिचमा केके दरार भैराछ केके समन्वय भैराछ काहाँ कुरो कसरी बढीराछ संघ सरकारको माइन्डसेट कहाँनिर छ हामीले के खोजिराछौँ हामीले किन त्यो कुरा प्राप्त गर्न सक्याछैनौँ गर्नुपर्ने कुरा किन भैराछैन सुल्टो गर्नुपर्ने कुरा किन उल्टो उल्टो भैराछ यो कुराको यथार्थ जानकारी गराउनु पर्छ । यो कुराको यथार्थ जानकारी गराउँदाखेरी कुनै अनुशासनको दण्ड लाग्दैन भन्ने कुरा  मलाई लाग्छ किनभने यो त जनताको सार्वभौमिकताको कुरा हो। अनि सार्वभौम जनताको सार्वभौम प्रतिनिधि हामी त्यसकारणले एउटा पार्टीको मात्रै नेता होईन तपाईंको मुख्यमन्त्री तपाईंहरु पार्टीको पनि पार्टीमा कुनै कुनै पोष्टमा हुनुहोला तर हामी जनताले विश्वास गरेर पठाएको सार्वभौम नेपाली जनताको प्रतिनिधि हौं। त्यसकारणले त्यो हैसियतले हामीले आफ्नो कामहरु जुन जुन ठाउँमा छ त्यही त्यही अनुसार गरिराख्या छौं। त्यसकारणले त्यही भएर हामीले संघीय सरकारले कर्मचारी दिओस तपाईंको बेलैमा व्यवस्थापन नगरिदिएको अहिले पनि कर्मचारी व्यवस्थापन गर्दाखेरी तपाईंको प्रदेशमा या स्थानीय तहमा कर्मचारी प्रमोशन हुनि ढङ्गले त्यहाँ आकर्षित ढङ्गले किन पोलिसी बनाउँदैन ?  यो कुरा भन्दाखेरी हामीले काम नगऱ्या कुरालाई यो कुरासंग जोडन् मिल्दैन। हामीले वास्तविक कुरा बताएको किन काम गर्न नसकेको यसपटक भनेर आजका दिनसम्म कर्मचारी नौसय मत्रै छ प्रदेश सरकारमा पाउनुपर्ने बाइस सय जना होइन ?  भैसको बाइस सय जाना भनेर अनि यो समस्या बताउनेकि नबताउने यो यो बहानामा प्रदेश सरकार उम्किनु हुँदैन पाईदैन भनेर मैले आफैलाई भनिसक्या छु । त्यसकारणले तपाईंको त्यो भावनासंग

मेरो भावना त मिलेकै छ नि खालि तपाईंको समस्या एउटाले एउटा  आफै तपाईंको त्यहाँ ठोक्किनिमा छ अर्को बाहिरबाट हेर्निमा छ। हेर्नि र ठोक्किनिमा फरक रहेछ त्यतिमत्रै फरक भको हाम्रो बुझाइको एङ्गल त्यति मत्रै त्यहाँ मत्रै फरक भाको नत्र कुनै पनि फरक छ भन्नि लाग्दैन। संघीय सरकार आयो संघीय प्रणाली आयो हामी भन्याछौँ अब सरकार जनताको नजिक आयो सरकार जनताको नजिक आयो कि टाढा गयो ? टाढा गयो भन्छु मैले संघीय सरकारसंग मैले त्यही गल्ति अब्जेक्सन गऱ्या छु। धेरै पटक अन्तर प्रदेश परिषदको बैठकमा म यो कुरा उठाई रहेकै छु चार पटक हामी बस्यौँ चार पटक बैठकमा मैले यो कुरा उठाएको छु। त्यो भने के हिजो जिल्ला स्तरमा भएका सबै विकासे अड्डाहरु किन घटाईयो ७७ जिल्लामा किन ३५ वटा राख्छ खानेपानीको? ७७ जिल्लामा किन तपाईंको जलाधार संरक्षणको किन बीस वटा राख्छ ? के संघीय प्रणालीको मर्म यही हो ?  अनि आज लमजुङमा खानेपानीको समस्या हिजो लमजुङबाट हुनि जनताले आज गोरखा जानुपर्ने हो ?  कि त्यो मुस्ताङको मान्छे आज पर्वत आउनुपर्ने हो ?  यो संघीयताको मर्म विपरित छ कि संघीयताको भावनासंग संगसंगै गैराछ ?  यो संघीयताको मर्म विपरित छ । यो संघीयताको भावना विपरित छ । त्यसको संरचना र सिद्धान्त विपरित छ भनेर भन्ने कि नभन्ने भन्या हो। अहिले फेरी पनि भन्नुपर्छ नत्र नसच्चाईन्जेल सम्म भनि राख्नुपर्छ। किन यो हाम्रो अधिकारको कुरा हो त्यसकारणले यसपटक हामीले त्यो कारणले पनि खर्च गर्न नसकेको कुरा मैले यहाँ यहाँ त भन्नैपर्छ तर अब सधै यो गाथा गाएर यो कथा गाएर मात्रै यो जिम्मेवारीबाट यो प्रदेश सरकार मुक्त हुँदैन भन्ने कुरा पनि त्यतिकै हेक्का राखेर सचेतन ढङ्गले हामी काम गरीराँछौ र अब हामी के गर्छौ यो यो वर्षदेखी जाहाँ जाहाँ तपाईंको जिल्ला कार्यालयहरु खारेज भएका छन ति जिल्लाका कार्यालयले प्रदेशका आफ्नै कार्यालय खडा गर्छ। जनतालाई अब टाढा जान नपर्ने बनाउँछौ हामी र हाम्रो नीति र कार्यक्रम टाढा जाने बनाउँछौ हामी त्यसकारणले हामी के गर्छौ जनशक्तिको व्यवस्थापन गर्ने भन्याछौ यो सम्मानित सदनले पास गरिदिएको छ ऐन बनाईदिएको छ अब तपाईंको स्टाफ कलेजबाट निरन्तर रुपमा स्टडि गरेर संघीय शासनको भावना मुताविक संचालन हुने कुरा कर्मचारी परिचालित हुने ढङ्गले हामी विकास गर्छौ र जनशक्तिको विकास गर्ने कुरा प्राविधिक जनशक्तिको विकास गर्ने कुरा कार्यालय संरचनाको डेभलप गर्ने कुरा स्थापना गर्ने कुरा निर्माण गर्ने कुरा गरेर र अनुगमन प्रणालीलाई  प्रभावकारी बनाएर प्रभावकारी मुखले मात्र होईन एक्सन रुम त्यसैको लागी स्थापना भएको हो। भ्रष्टाचार निवारणको लागि यो विकास निर्माणको कामहरुको अनुगमनलाई स्थापना गरिएको हो। हेलो सिएम किन गरेको जनतासंगको सम्बन्ध निरन्तर रहिरहनुपर्छ प्रदेश सभा र प्रदेश सरकारको आज संघीय शासन प्रणालीमा जनताबाट टाढा भएर हामी हाम्रो शासन प्रणाली चल्न सक्छ ?  जनताको दुःख तत्कालको दुःख पिर मर्का गुनासाहरु नसुनेर कानमा तेल हालेर बस्न मिल्छ ? मिल्दैन त्यसकारण त्यो भावनालाई त्यो समस्यालाई उजागर गर्नको लागि हामीले थाहा पाउनको लागि यो सम्मानित सदनमा सभा सामु हामीले यो यो कामहरु गरियौँ भनेर जानकारी गराउनको लागि पनि हेलो सिएम कार्यक्रम संचालन गरेका छौँ। त्यसबाट पनि धेरै समस्याहरु हामीले समाधान गरेका छौँ। तत्कालका जनताका समस्याहरु गुनासाहरु सम्बोधन गरेका छौँ। संघीय शासन प्रणाली यही भन्छ। जनताको नजिक बसेर जनताको सेवा गर हामीले त्यही काम गर्याछौ। त्यसकारणले गर्दाखेरी अरु यो  वर्ष आर्थिक वर्ष कमिङ आर्थिक वर्ष ७६र७७ मा हामीले हाम्रो खर्च गर्ने संस्थागत क्षमताको विकास गर्नको लागि संरचनागत क्षमताको विकास गर्नको लागि जनशक्तिको विकास गर्नको लागि हामी भरमग्दुर प्रयत्न गरेका छौँ। यसपटक हाम्रो बजेट त्यतैतिर लक्षित छ। त्यसकारणले तपाइंहरुले विश्वास गर्नुस र हेर्नुस एकपटक यो एक वर्ष फेरी हेर्नुस यो गएको वर्षत हामी सबैलाई थाहा छ हाम्रो समस्या त्यसकारणले हामीले आफ्नो खर्च पूँजिगत खर्च गर्ने क्षमताको विकास आजको हाम्रो प्रमुख चुनौति हो। त्यसकारण त्यसको

विकास गर्नको लागि प्रदेश सरकार दृढ संकल्पित छ भन्ने  यो सम्मानित सदन समक्ष म जानकारी गराउँन चाहन्छु र माननीय सदस्यज्यूहरु ले उठाउनु भएको भ्रष्टाचार नियन्त्रणको कुरा जुन छ हामीले भनेका छौँ भ्रष्टाचार नियन्त्रणको लागि हामीले पहिलो कुरा हामीले शुसासन ऐन बनाउनु पर्‍या छ। यही शुसासन ऐन बनाउनु पर्‍या छ यही ई गभर्नेन्सको ऐन बनाउन पर्‍या छ। धैरैको ऐन पहिले कानूनी प्रवन्ध गर्नुपर्‍यो। त्यस पछाडि संरचनागत प्रवन्ध गर्नुपर्‍यो त्यस पछि संस्थाहरु स्थापना गर्नुपर्‍यो। त्यसलाई प्रभावकारी ढङ्गले परिचालन गर्नुपर्‍यो स्रोत र साधनले सम्पन्न गरेर ट्रेडिङले सम्पन्न गरेर त्यसका माध्यमबाट हामी भ्रष्टाचार नियन्त्रण गर्न चाहन्छौ। मलाई लाग्छ ई गर्भनेन्समा गयो भने हाम्रो धैरै कुराहरु भ्रष्टाचार स्वात्तै धैरै घट्छ भन्ने लाग्छ किनभने ई गर्भनेन्सबाट मालपोत तपाईंको ई सेवाबाट मोबाईलैबाट तिर्दियो भने या तपाईंको पानीपोत या तपाईंको अर्को के के होला के के होला सबै कुरा भयो भने कर्मचारीसंग माउथ टु माउथ गरेर आमने सामने गरेर र फेस टु फेस गरेर बाझ्न परेननि बोल्न परेननी अनि त्यहाँ उसको घुस लिने कुरा आर्थिक अनियमितता गर्ने कुरा काम तलमाथी गर्ने कुरा  कहाँ हुन्छ र त्यसै स्वत्ते धैरै घटिहाल्छ। त्यसकारणले हाइटेकमा नगैकन सेवा प्रवाहको तरिकालाई हाइटेकमा व्यवस्थित बनाएर नलगिकन यो भ्रष्टाचार भन्ने कुरा गीत गाएर मात्रै हुन्न। ठीकै भन्नुभाछ माननीयहरुले भ्रष्टाचार गर्दिन अब गर्न पनि दिन्न भन्ने कुरा  नारा मात्रै नहोस भन्ने कुरा म सम्मान गर्न चाहन्छु। हामीलाई नाराका लागि नारा लगाउन खोज्या होईन मैले भने ड्राफ्टिङ गर्ने साथीहरुलाई यो शब्दै नराखौ भ्रष्टाचार नियन्त्रण गर्ने कुरा राखौ भन्दाखेरी जिरो टोलरेन्स भन्नि तर कर्मचारीले घुस खाईराछ टुलुटुलु हेर्ने मन्त्रीहरुले घुस खाईराछ टुलुटुलु हेर्ने अनि यहाँ कुनै पदाधिकारीले तल माथी गरिराछ टुलुटुलु हेर्ने हो भने जिरो टोलरेन्स किन भन्ने ? प्रयत्न गर्नुपर्‍यो नि हामीले प्रयत्न गर्दा गर्दा गर्दा भएन भने त्यही कुरा जानकारी गराउने हाम्रो सम्मानित संसदमा त्यो कुरा जानकारी गराउँछु मैले तर म प्रयत्न गर्छु। गण्डकी प्रदेश सरकारले त्यो प्रयत्न गर्छ। भ्रष्टाचार यस पटक मापन गर्नु यो वर्ष कति छ अर्को एक वर्षपछि कति घट्छ त्यतिखेर प्रश्न उठाउनुहोला गुडफेदका आधारमा मैले यो काम गर्छु। त्यसकारणले यो यसमा माननीयहरुलाई अस्वस्थ्य हुनुहोला मैले अनुरोध गर्न चाहन्छु। हामी त्यसका लागि मेरो हाम्रो सोचाई के छ भने एक्सन कमिटिका रुपमा भूमिका खेल्नु पर्छ। ई-गर्भनेन्सका रुपमा भूमिका खेल्नु पर्छ यसको लागि हामीले गुरु योजना पास गरिसक्या छौँ। अब त्यसमा ऐन बनाएर हामी अगाडि बढछौं। त्यसको लागि पनि चाहिने फेरी उहि गाँठो छ। यसैले रोकीराछ हामीलाई त्यसको लागि काम गर्नको लागि हामीले एउटा अबैधानिक सल्लाहकार पनि मनोनित गर्‍या छ प्रदेश सरकारले त्यो युएई गर्भनेन्टसंग कुराकानी गर्नको लागि त्यो ई-गर्भनेन्सको काम गर्ने कन्सलटेन्सी कम्पनी जर्मनको कम्पनी स्विजरल्याण्डको कम्पनीसंग कुराकानी गर्नको लागि र हामीलाई कोअर्डिनेशन गर्नको लागि हामीले त्यो निर्णय पनि गर्‍याछौँ। त्यसकारणले यो पाँच वर्षभित्र सक्नुपर्छ पाँच सात अरब पैसा लाग्छ। त्यसकारणले यो काममा हामीले शुरुको दिनमै शुरु गर्‍या हो। अहिले सम्म निरन्तरता भन्या के भने काम शुरु गर्‍या छ केही देखियाछैन अनि तपाईहरुलाई लाग्नु स्वभाविकै हो माननीयज्यूले प्रश्न उठाउनु स्वभाविक हो  के भन्या छ के भन्या छ निरन्तरता भनिराछ कामै केही भाछैन कहाँ निरन्तरता कामै शुरु भाछैन के निरन्तरता हुन्छ भनेर प्रश्न उठाउनु स्वभविक हो। हजुरको मल्टिनेशनल मल्टिकल्चरल त्यो भिलेजको कुरा गर्‍याछौनि हामीले हामीले निरन्तरता किन भनेको हामीले कार्यदल बनायौँ त्यो ठाउँ पहिचान गर्ने भन्यौँ ठाउँ पहिचान गर्‍यो ठाउँको सिफारिस गर्‍यो अब तपाईंको ठूलाकोट भन्यो रामकोट भन्यो कास्कीकोट भन्यो पुरनकोट पाउँदुरकोट भन्यो सबै कुरा हेर्दाखेरी कन्सलटेन्सहरुसंग सल्लाह गर्दाखेरी अब सबै कुरो मिल्दा भन्दाखेरी पुरानो पाउँदुरकोटनै ठिक हुन्छ भनेर पाउँदुरकोट निर्णय गरेछौं हामीले अब हाम्रो साथीहरुको गाँउ पाउँदुरकोटमा बनाउँछौं हामी तर पाउँदुरकोटमा बनाउँदाखेरी यसमा पनि हामीले कुन निर्णय गरेका थियौं कति त्यहाँको वडाध्यक्षहरुले कराईराख्नु भाथ्यो कास्कीकोटको या उताको हाम्रै प्रदेशमा हुनुपर्‍यो हाम्रै ठाउँमा हुनुपर्‍यो भनेर हामीले धैरै कुराहरु निर्माण गर्दाखेरी त्यहाँको भूगोल टोपोग्राफी सपै कुरा हेर्नपर्यो र आजका दिनसम्म प्रदेश संघीय सरकारले फेरी भन्ने

कि नभन्ने संघीय सरकारले त्यो या त हामीलाई हाम्रो नाउँमा त्यो लालपुर्जा बनाईदिनु पऱ्यो या हामीलाई त्यो अनुमति दिनुपऱ्यो या भोगाधिकार हामीलाई हस्तानान्तरण गर्नु पऱ्यो त्यो गऱ्या छैन। धेरै पटक ओहोर दोहोर भाछ हाम्रो कुरा मन्त्रीजि हाम्रै स्याङ्जाको हुनुहुन्छ हाम्रै गण्डकी प्रदेशको हुन्छ म गर्छु भन्नुहुन्छ तर के ले रोक्याछ थाहा छैन। यस्ता अनसिन तपाईंको हाम्रो पहाडहरु तपाईंको आइस वर्गहरु धेरै छन्। यसको जानकारी मैले तपाईंहरुलाई राख्नु पनि मेरो कर्तव्य ठान्छु मैले त्यसकारणले त्यसलाई धेरै अन्यथा नलिनुहोला माननीयज्यूहरुले र हामीले के भन्याछौँ प्रदेश प्रहरी व्युरो अनुसन्धान व्युरो बनाउने भन्ने कुरा छ। संघीय सरकारले त्यहाँ पनि फेरी जानझेल गर्यो यो कुरा पनि तपाईंले यो सम्मानित सदन समक्ष मैले जानकारी गराउन पर्छ। तेश्रो अन्तर प्रदेश दोश्रो अन्तर प्रदेश परिषदको बैठकमा गृह मन्त्रालयबाट प्रस्ताव पेश हुँदाखेरी प्रदेश प्रहरी व्युरो भनेर लेख्यो कहाँ छ प्रदेश प्रहरी व्युरो प्रश्न उठाईहाले मैले अनि गृह सचिव अलमलिनु भयो। प्रहरी अनुसन्धान व्युरो त्यो प्रदेशको एकल अधिकारको कुरा हो। अनि तपाईं अहिले प्रहरी सङ्गठनभित्र अनुसन्धान व्युरो खोल्ने कुरो गर्नुभाछ यो प्रस्ताव फिर्ता लिईहाल्नुस फिर्ता लिईहाल्नुस यो के भन्छ हाम्रोबाट हटाईहाल्नु प्रदेश अनुसन्धान व्युरो हाम्रो आफ्नै एकल अधिकारको कुरा हो। त्यो हामीले बनाउँछौ र प्रोब्याब्ली प्रदेश अनुसन्धान व्युरो होस अरु शान्ति सुरक्षाको बारेमा अनुसन्धान गर्ने पनि होला अरु अनुसन्धान पनि गर्नि होला तर त्यसको मुख्य काम मैले भन्छु यो भ्रष्टाचारको तपाईंको अनुगमन गर्ने सारा गर्ने र तेलाई नियन्त्रण गर्नको लागि एउटा पावरफुल युनिटको रुपमा त्यसलाई विकाश गर्नुपर्छकि भन्ने मेरो सोचाई छ। त्यो विधेयक आउँदाखेरी तपाईंहरुले यहाँ छलफल गरेर हामीले मिलेर गरौला तर कसरी लैजाने भन्ने कुरा माननीय सदस्यज्यूहरुको धेरै महत्वपूर्ण भूमिका हुन्छ। ति सपै यस्ता केही संरचनाहरु हामीले बनाउ जसले गर्दाखेरी हामीले यो तलमाथी हुने कुरा अनियमितता हुने कुरा भ्रष्टाचार हुने कुराहरुलाई बेलैमा नियन्त्रण गर्न सकौं त्यसको लागि पनि हामी लागिरहेको कुरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु। अब गण्डकी युनिर्भसिटी र जि.आइ.टि.को बारेमा पनि प्रश्न उठ्यो म माननीय सदस्यहरुलाई के भन्न आग्रह गर्न चाहन्छु भने आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको प्रवन्ध स्थानीय तहलाई त्यो भन्दाखेरी आज चलिरहेको बाह्र कक्षा सम्मको सपै विद्यालयहरुको जिम्मा त्यहाँको स्थानीय तहलाई हो हाम्रो होईन। त्यसकारणले माननीय सदस्यहरुले पनि त्यो माग माग्दाखेरी योजना माग्दाखेरी फलाना विद्यालयमा कोठा बनाईदेउ फलाना विद्यालयमा यस्तो गराईदेउ कम भन्नुहोला जहाँ समस्या छ, एक्सट्रिम समस्या जहाँ छ, त्यहाँ हामी हेर्छौं नि। आफ्नो प्रदेशभित्र किन नहेर्नि हामी गर्छौं तर त्यहाँ हाम्रो पहिलो प्रायोरिटि के भने त्यो त स्थानीय तहले प्रवन्ध गर्न पर्योनि हाम्रो उच्च शिक्षा प्रदेश विश्वविद्यालय प्रदेश पुस्तकालय प्रदेश संग्राहलय उच्च शिक्षा भनेको टनेल ईन्जिनियरिङ्ग पनि पर्छ भन्ने जानकारी गराउन चाहन्छु। यसकारणले गण्डकी युनिर्भसिटी जो हामीले खोल्न खोज्याछौँ त्यो आजको शिक्षा प्रणाली भन्दा अलि बेग्लै खालको शिक्षा प्रणाली गरौ हामी तेलाई अफ टेस्टीको आधारमा चलाउँ हामी हामीले ढ्याक्क ढ्याक्क मुख्यमन्त्री कार्यालय र या शिक्षा मन्त्रालयलाई तपाईंको अहिले टियुको भागवण्डा गऱ्या जस्तो या दश वटा युनिर्भसिटीको दश वटा ठाउँमा तपाईंको को को उपकुलपति बन्ने को को रजिष्टार बन्ने भनेर अहिले पार्टीहरु बीचमा भागबण्डा गऱ्या जस्तो त्यसो बिल्कुल नहुने गरेर बोर्ड अफ रजिष्टिको आधारमा संचालन गर्नि गरेर ल्याउनी भन्याछ। त्यसकारणले गर्दा त्यो संचालन गर्नि त्यसमा एट्ठी परसेन्ट प्राविधिक विषयको पढाई हुने थेउरोलोजि देखी लिएर फिलोसोपी देखी लिएर म्यानेजमेन्टलाई तपाईको सोसल साइन्स पनि पढाई हुन्छ त्यहाँ तर तिनको भार कम राख्ने किन त्यसको लागि त अरु ठाउँमा बग्रेल्ति विश्वविद्यालयहरु छ। बग्रेल्ति क्याम्पस छ हामीले किन त्यसमा चिन्ता लिनु पऱ्यो तर क्वालिटीको लागि मात्रै हामी केही केही ठाउँहरु राख्छौं त्यसको र त्यसको त्यो अब भोकेशनल ट्रेनिङ नगरिकन शिक्षालाई हाम्रो जीवनसंग नजोडिकन शिक्षालाई हाम्रो बजारसंग नजोडिकन शिक्षा प्रणाली सिपलाई हाम्रो उद्योग उद्यमसंग नजोडिकन हाम्रो व्यवसाय नजोडि समाज नजोडिकन

यो रोजगारको समस्या हल ट्याक्क ट्याक्क हल गर्दै जान्छु स्वरोजगारको समस्या हल हुदै जान्छ भन्ने कुरा पनि कथा रहेछ। कथा त हामीले भोगिसक्यौनि गत वर्ष मैले पचास हजार स्वरोजगार रोजगार दिन्छौँ एकलाख स्वरोजगार स्थापना होला भन्ने हाम्रो अनुमान थियो के अनुमान थियो दुई चार वटा ठुला मेगा बिजुलीको प्रोजेक्टहरु शुरु होलान दुई चार वटा हामीले राखेका कुरालाई संघ सरकारले सहयोग गरिदेला शुरु होला गाई फारम शुरु होला अरु केही फाराम शुरु भै हाल्ला त्यो हुदाँखेरी हिसाब किताब रफ्ली गर्दाखेरी चालिस पचास हजार त पुग्न सक्छ भन्ने भो  अब एक पटक लेखेर ल्याउँ यसपटक हामीले भनेनौनि त्यसकारणले त्यो सम्भव रहेन त्यति चाडै यो एक वर्षको सरकारले काम चलाउ बच्चा सरकारले त्यो चिज सम्भव रहेनछ तर हामीले अहिले पनि अरु प्रदेशले भन्दा धेरै गऱ्या छौ भन्ने लाग्छ  मेरो दाबा हो दुई सय त्रिहत्तर वटा होमस्टेमा ल दुई दुई जाना भो भने कति भो ल हिसाब गरौँ त्यो एउट  दुई सय त्रिहत्तरमा कमसेकम दश घर त कम्ति मिनिमम छ। दुई सय सत्ताईस सय सत्तरी सत्ताईस सय तिस तिस घर भो नि त्यहाँ सत्ताईस सय तिस  घर भो सत्ताईस सय तिस घरमा दश जाना भो भने त्यहाँ सत्ताईस हजार तिन सय त भयो त  एकजनालाई तर एउटा घरमा  एउटा घरमा दुई जाना मात्रै भयो भने त्यसको डबल गर्नुस मुख्यमन्त्री स्मार्ट भिलेज बनायौँ छत्तिस वटा त्यसमा पचास पचास जानाको किसानको समुह बनाउने भन्याथ्यो एउटा समुह पचास जानाको हुन्छ। एउटा गाउँमा दुईवटा समुह पनि हुन्छ तिनवटा भुजुङ जस्तो गाउँमा तिनवटा समूह पनि हुन सक्छ। तिनवटा समूह भयो भने डेढ सय जाना त्यही खपत भो त्योसंग तपाईंको त्यसको इफेक्टमा खोल्ने कुराहरु सेल्फ इम्प्लोइमेन्ट भनौं हामी होमस्टे स्थापना गरेको कारण वरीपरी गाई पाल्ने भैसी पाल्ने दुध बेच्नि या त घ्यू बेच्नि या बाख्रा बोका बेच्नि खसी बेच्नि कुखुरो बेच्नि या साग बेच्नि आदि ईत्यादिले गरेर जङ्गलको न्युरो टिपेर ल्याएर त्यो बेच्नि गर्दाखेरी सायद त्यसको स्वरोजगार प्राप्त गर्ने कुराहरु पनि धेरै होलान् त्यसको हिसाब किताब हामीसंग अहिले सम्म छैन भैसक्या छैन र हामीले आठ सय चौतिसवटा फारामहरुलाई बाँडेका छौँ त्यो फार्ममा  दुई जाना छ भने कुनै फार्म त कम्पनीको रुपमा छ कुनै फार्म तपाईंको समूहको रुपमा छ कुनै फार्म सहकारीको रुपमा छ व्यक्तिको थोरै थोरै छ। त्यहाँ कमसेकम तिन चारजाना काम गरिरहेकै छन् त्यहाँ त्यसको हिसाब गर्दाखेरी केही न केही त आयो नि ठोस रुपमा यसरी तपाईंको दश पन्ध्र हजारलाई यसपटक हामीले इम्प्लोइमेन्ट जेनरेट गरेको गण्डकी प्रदेश सरकार मात्रै हो। यति होकी हामीसंग ठूलो कारखानाहरु छैनन् अहिले पनि त्यसकारणले हाम्रो जिडिपिमा हाम्रो योगदान एकदमै कम भएको कारण त्यो हो। अहिले हामी राजस्व हाम्रो घटदै जानि जनसंख्या घटदै गयो भन्छ सेन्टर तथ्याङ्कले त्यसकारणले गर्दाखेरी हामी किन खुम्चिस मरिच आफ्नै रागले भन्छ गण्डकी प्रदेशले किन थोरै पायो भन्दाखेरी हाम्रो जनसंख्या घट्दै गयो सानो छ त कहाँ पाउँछ भन्याछ अ। अ। भनेर बस्न पर्या छ जतिसुकै हामीले भने पनि के गर्छ एउटा क्राइटएरिया बनाउँदाखेरी त्यस्तो भाछ त्यसकारणले यस्तो त चुनौतिको बीचमा पनि हामीले जे कामहरु गरिराछौँ  अब अहिले हामीलाई विश्वास छ यस पटक खर्च जति गरेन भने पनि संघ सरकारले हामीलाई प्रश्न गर्न सुहाउँदैन। हामी पहिलो पटक सरकार बनाएका छौँ धेरै कुराको अभाव छ शून्यबाट शुरु गऱ्या छौँ सबै चिजले सम्पन्न अट्ठाइस अट्चालिस हजार कर्मचारी लवालव भएर मन्त्रालय खचाखच भरिएको संघ सरकारले गरिरहेको आजको कालीगण्डकी करिडोरको हालत हेर्नुस्त तपाईंले कही गण्डकी प्रदेशमा कही मध्य पहाडी लोकमार्ग यसबाट दनादन डोजर बनिराखेको देख्नु भाछ थोरै मात्रै पोखरादेखी तपाईंको पर्वतको ठाउँमा मात्रै लमजुङ पुरा पाटो बन्द छ। कास्कीको पुरा पाटो खुलेकै छैन अनि उसको खर्च कति छ पचास परसेन्ट भन्दा कट्या छैन। हामीले पचास परसेन्ट पुर्याउदा उल्ले हन्ड्रेड परसेन्ट पुऱ्याउनु पऱ्थ्यो। हामीले पच्चिस परसेन्ट पुऱ्याउँदा उल्ले पचास परसेन्ट पुऱ्याउनु पऱ्थ्यो। हामीले त अब खर्चको हिसाबले पैसा तपाईंको रिलिजको हिसाबले पचास परसेन्ट हाम्रो नाघिसक्या होला तर कोलेनिकाबाट हिसाब गर्दाखेरी जे हुन्छ त्यसको आधारमा मात्रै हामी थोरैमा छौं एकतिस परसेन्टमा छौं अहिले

हामी त्यसकारणले गर्दाखेरी तर त्यसमा पनि हामी सन्तोष त छैनौनि हामीले गर्न सकेनौँ भने हामीलाई अलिकति हिनताबोध भैरहेकै छ। फेरी पनि गर्न पाए हुन्थ्यो भन्ने छ त्यसकारणले माननीय सदस्यज्यूहरुलाई म के भन्न चाहन्छु भनेदेखी हामी जे उद्देश्यकासाथ काम गरिराछौँ तपाईं हामी सबैको म त अहिले धेरै माननीयहरुको कुरा सुने हैन, अब बोल्दाखेरी सत्ता पक्षको प्रतिपक्षको तर्फबाट बोल्नुभो तर कुरा एउटै ठाउँमा छ, भन्छु मैले कुरा एउटै ठाउँमा छ । कसैले तपाईंको आलोचनाको कोणबाट भन्या होला कसैले गुनासोको कोणबाट भन्या होला कसैले सुझावको कोणबाट भन्या होला कसैले समर्थनको कोणबाट भन्या होला तर कुरो के हो गण्डकीको सम्वृद्धि चाहियो। हाम्रो आर्थिक वृद्धि दर दश परसेन्ट कि कति पुऱ्याउँछौँ भन्नुभाछ त्यो प्रश्न गर्नु जायज छ। किनभने शंका उठ्छ हामीले यो वर्ष छ परसेन्टले आर्थिक वृद्धिदर गर्ने भन्याथ्यौँ तर सात परसेन्ट हाशिल गऱ्याछौँ सेभेन पोइन्ट जिरो सिक्स परसेन्ट हाम्रो छ। अहिले तै हामीले जे इन्डिकेटरहरु बनाएका छौँ जे मापदण्डहरु बनाएका छौँ त्यो भन्दाखेरि अबको चार वर्ष पाचँ वर्ष पछि हाम्रो प्रदेशको वृद्धिदर एघार परसेन्ट पुग्ने हामीले हिसाब निकालेका छौँ तर एघार परसेन्ट किन भनिराख्ने हामीले दशै परसेन्ट भने दश परसेन्ट भन्याछौँ हामीले त्यो यदि दश परसेन्टको  दरले हामीले दश परसेन्टमा पुऱ्याउन सकेनौँ भनेदेखी एघार सय बयानब्बे डलर प्रति व्यक्ति आम्दानि भएको प्रदेशले अबको चार वर्ष पाचँ वर्ष  भित्र दुई हजार पुऱ्याउन गाह्रो छ। त्यसको पनि आफ्नो नियम छनि त्यसकारणले त्यो पुऱ्याउनको लागि हामीले गरिबी सात परसेन्टमा झार्न पऱ्यो अर्को दश वर्षमा दुई परसेन्टमा झार्न पऱ्यो दुई परसेन्ट भनेको शुन्य बराबर हो भन्ने मान्ने दुई परसेन्ट एक परसेन्ट त्यस्तै हो भन्ने बुझिन्छ। त्यसकारणले गर्दाखेरी आर्थिक वृद्धि दर दश/एघार त्यो हाराहारीमा बस्यो भने हामीले दश वर्षभित्र एउटा वन्डरफुल तपाईंको प्रोस्पेरिटी हाशिल गर्न सक्छौँ भन्ने हो। त्यसकारणले यो यो सपै कुराहरु उत्पादनमा जसरी जोड दिईराछौँ। हामीले सुशासनमा जसरी जोड दिईराछौँ हामीले भ्रष्टाचार नियन्त्रण गर्ने जे कुरा गरिराछौँ। यो आयोजनाहरुको अनुगमनमा जे कुरा मूल्याङ्कन प्रणालिलाई प्रभावकारी बनाउने भनेर भन्याछौं हामीले हाम्रो उत्पादनलाई रिसर्चसंग जोड्न पऱ्यो उत्पादनलाई हाईटेकसंग जोड्ज पऱ्यो भनेर जे कुरा भनिराछौँ। यो कुराले गर्दाखेरी हामीले यी कुराहरु जुन प्राप्त गर्न सक्छौँ भनेर मैले भन्या हैन यो प्लानरहरुले र केही इकोनोमिक्स्टहरुले हामीलाई यो तथ्याङ्क देको ल यो यो गर्न खोज्याछौँ हामीले यो यो चाहिन्छ हाम्रो स्थिति स्टाटस यो छ। अहिले हाम्रो स्टाटस पत्र हेरेर उनिहरुले यो काम गऱ्या हो। त्यसकारणले गर्दाखेरी माननीय सदस्यज्यूहरु हाम्रो यो गौरबपूर्ण चौंथो अधिवेशनमा आर्थिक वर्ष २०७६।०७७ को जो नीति र कार्यक्रम प्रस्तुत गर्ने क्रममा माननीयज्यूहरुले जे कुरा उठाउनुभाछ सबै माननीयहरुको भनाईलाई मैले शिरोपर गर्दै आत्मसात गर्दै कतिपय कुराहरु हामी कानूनि रुपमा सच्याउनु पर्नेछ। कतिपय संसथागत विकाश गर्नुपर्नेछ। कतिपय संरचनागत निर्माण गर्नुपर्ने छ। कतिपय जनशक्तिको विकाश गर्नुपर्ने छ। कतिपय पक्षमा आफै सदाचार हुनुपर्ने छ  सदाचारको एउटा नमुना बनेर अगाडि बढनुपर्ने छ। यो सबै कुरामा अगाडि बढ्नको लागि यहाँहरु सबैको सदासयी यो आर्थिक वर्षमा पनि साथ समर्थन रहनेछ भन्ने विश्वासकासाथ हाम्रो गण्डकी प्रदेशमा जुन खालको एउटा विकासको लागि जुन खालको सोलिडारिटि छ त्यो कायम रहोस यही कुरा माननीय सदस्यज्यूहरुसंग सम्माननीय माननीय सभामुख मार्फत निवेदन गर्दै यो छलफलमा भाग लिएर आफ्नो महत्वपूर्ण राय सुझाव आलोचना टिप्पणी गर्नुहुने सम्पूर्ण माननीयहरु र सिङ्गो हाउसप्रति प्रदेश सरकारको तर्फबाट शिर निहुराएर तपाईहरुको सम्मान गर्दै म आफ्नो भनाई अन्त्य गर्ने अनुमति चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीं समाप्त हुन्छ। माननीय सदस्यहरु, अब म माननीय सदस्य, श्री विष्णु प्रसाद लामिछानेलाई आफ्नो संसोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने सोको लागि समय उपलब्ध गराउँछु।

**माननीय विष्णु प्रसाद लामिछाने**

माननीय सभामुख महोदय, यो संसोधन प्रस्तावले आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम अझै राम्रो र प्रभावकारी हुने र यसले समग्र गण्डकी प्रदेशकै हित गर्ने हुदाँ यो संसोधन प्रस्ताव प्रति सबै माननीयज्यूहरुको समर्थन र अनि विश्वास सहित फिर्ता नलिने व्यहोरा अनुरोध गर्दछु। धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य, अब म माननीय श्री हरिशरण आचार्यलाई आफ्नो संसोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने सोको लागि समय उपलब्ध गराउँछु ।

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, हामीले यो प्रस्तावक र समर्थक बनेर यो संशोधन पेश गरिराखेका छौं। यो संसोधन आफैमा यो महत्वपूर्ण छ र यो सरकारको यो नीति र कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी बनाउँन यो एउटा महत्वपूर्ण कोसेढुङ्गा सावित हुनेछ। यो कारणले गर्दा यसलाई फिर्ता नलिने घोषणा गर्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, प्रदेश सरकारको आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम माथी संशोधन प्रस्तावकर्ता माननीय श्री विष्णु प्रसाद लामिछाने र माननीय श्री हरिशरण आचार्यको संसोधन प्रस्तावमा उल्लेखित संसोधनहरु नीति तथा कार्यान्वयनको समान बुदासंग सम्बन्धित रहेकोले म माननीय श्री विष्णु प्रसाद लामिछाने र माननीय श्री हरिशरण आचार्यले प्रस्तुत गर्नु भएको संसोधन प्रस्तावको क्रम संख्या १ देखी ९ सम्म उल्लेखित संशोधनहरु पारित गरियोस् भनि एकैसाथ निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले **उक्त प्रस्ताव बहुमतले अस्विकृत भएको** घोषणा गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई मिति २०७६ जेठ २४ गते सभा समक्ष प्रस्तुत प्रदेश सरकारको आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रमलाई प्रदेश सभा नियमावलीको नियम ३८ को उपनियम (३) बमोजिम पारित गरियोस् भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्दछु ।

**माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ**

माननीय सभामुख महोदय, मिति २०७६ साल जेठ २४ गते सम्मानित सभा समक्ष प्रस्तुत प्रदेश सरकारको आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम प्रदेश सभा नियमावलीको नियम ३८ को उपनियम ३ बमोजिम पारित गरियोस भनि सम्मानित सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज हुन्छ भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले मिति  २०७६ जेठ २४ गते सभा समक्ष प्रस्तुत प्रदेश सरकारको आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गर्दछु। माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असार १ गते दिनको ४ बजेसम्मको लागि स्थगित हुन्छ ।

**समाप्त**